# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २९१ | काठमाडौं | शनिबार, ०३ फागुन २०८१ | Prabhab National Daily | Saturday, February 15, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**प्रजातन्त्रका मुलभूत मान्यता**

- जनताको बहुदलीय लोकतान्त्रिक शासन प्रणाली,
- मौलिक हक र मानवअधिकार,
- आवधिक निर्वाचन,
- बालिग मताधिकार
- नागरिक स्वतन्त्रता,
- स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका,
- कानुनी राज्यको अवधारणा,
- पूर्ण प्रेस स्वतन्त्रता,
- शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन

नेपाल सरकार
विज्ञापन बोर्ड




**अछामको रामारोशन गाउँपालिका–६ स्थित पानीघट्टमा मकै पिस्न पुगेका स्थानीय । घट्टमा पिसेको मकै, गहुँ र कोदोको पिठो खान मिठो हुने उनीहरू बताउँछन् तर परम्परादेखि सञ्चालित हुँदै आएका पानीघट्ट पछिल्लो समय लोप हुँदै गएको छ ।** *तस्बिरः सुशील भण्डारी/रासस*

# अध्यादेश अड्किएपछि कांग्रेसले सम्झ्यो एकीकृत समाजवादी

- राजनीतिक दलसम्बन्धी अध्यादेश ल्याएर एकीकृत समाजवादी फुटाउने तयारी हुँदा माधव नेपालले हारगुहार गरेकै कारण कांग्रेस सभापति शेरबहादुर देउवाले रोकिदिएको कांग्रेसको दाबी
- यही कारण एकीकृत समाजवादीले अध्यादेशमा साथ दिएर गुण तिर्नुपर्ने सत्तारूढ दलको तर्क
- औपचारिक प्रस्ताव आए साथ दिन तयार रहेको एकीकृत समाजवादीका नेताको भनाइ



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** आफैं अध्यादेशको विरोधीका रूपमा चिनिने नेपाली कांग्रेस यसपटक भने जसरी पनि लागू गराइछाड्ने सुर कसेर अघि बढेको छ। साना दलले हतपत नमान्ने देखिएपछि अध्यादेश लागू गराउन कांग्रेसले नेकपा एकीकृत समाजवादी पार्टीको सहयोग माग्ने तयारी गरेको हो ।

हालै केपी शर्मा ओली नेतृत्वको सरकारले ल्याएका छ अध्यादेश लागू गराउन एमाले नेताहरूको मिहेनत खासै देखिन्न। कारण, एमालेसँग जनता समाजवादी पार्टी (जसपा) नेपालदेखि एकीकृत समाजवादीसम्म रुष्ट देखिन्छन्। त्यसैले ओली नेतृत्वको सरकारप्रति असन्तुष्टि जनाउँदै जसपा र लोकतान्त्रिक समाजवादी पार्टी-लोसपाले अध्यादेशको विरोध जारी राखेका छन्।

> कांग्रेसले औपचारिक प्रस्ताव ल्याएमा सोच्न सकिन्छ । यसका लागि दुई दलबीच आवश्यक सहमतिका विषय पनि अघि आउनुपर्छ । सरकारमा जाने, भागबण्डाको राजनीतिजस्ता विषयमा भने हाम्रो रूचि छैन ।
>
> **राजेन्द्र पाण्डे**
> **उपाध्यक्ष, एकीकृत समाजवादी**

यसै कारण प्रमुख सत्तारुढ दल नेपाली कांग्रेसले एकीकृत समाजवादीको साथ मागेर अध्यादेश पार लगाउने तयारी गरेको हो । जसपालाई काखी च्याप्ने संकेत दुई ठूला सत्तारुढ दल नेपाली कांग्रेस र एमालेले गरेसँगै लोसपाका अध्यक्ष महन्थ ठाकुरले बिहीबारमात्र आफ्नो पार्टीको तर्फबाट मन्त्री रहेका शरतसिंह भण्डारीलाई जुनसुकै बेला सरकार छाड्न तयारी अवस्थामा रहन निर्देशन दिएका छन् । योसँगै कांग्रेसले विकल्प खोजेको हो । शुक्रबार कांग्रेस सभापति शेरबहादुर देउवाको निवास बूढानीलकण्ठमा यस विषयमा छलफल भएको कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले बताए ।

'बैठकमा अध्यादेशको बारेमा कुरा उठेको थियो । अध्यादेशमा देखिएको समस्या समाधान गरेर अघि बढ्नुपर्छ भन्ने कुरा हो,' प्रवक्ता महतले भने, 'निष्कर्षमा भने पुगेका छैनौं ।'

बैठकमा एकीकृत समाजवादी नफुटाउने सर्तमा अध्यादेश लागू गर्ने वातावरणका लागि उक्त पार्टीका अध्यक्ष माधव नेपालसँग अनुरोध गर्ने विषयमा छलफल भएको थियो । यसअघि एमाले अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीले एकीकृत समाजवादी फुटाउनेगरी राजनीतिक दलसम्बन्धी अध्यादेश ल्याउने तयारी गरेको थियो ।

⏭ क्रमशः पृष्ठ ३ मा

# कार्यसम्पादन मूल्यांकनमा सुदूरपश्चिम उत्कृष्ट, मधेस कमजोर

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रदेश र स्थानीय तहको कार्यसम्पादन मूल्यांकन नतिजा सार्वजनिक गरेको छ। गत आर्थिक वर्ष २०८०/८१ मा प्रदेश र स्थानीय तहले गरेका कार्यसम्पादनलाई विभिन्न सूचकका आधारमा मूल्यांकन गरी अंक प्रदान गरिएको आयोगले जनाएको छ।

आयोगले सार्वजनिक गरेको नतिजाअनुसार कार्यसम्पादन मूल्यांकनमा सबैभन्दा बढी अंक सुदूरपश्चिम प्रदेशले पाएको छ। सुदूरपश्चिमको ५१.६ अंक छ। त्यसैगरी, कोशीले ५०.९, बागमतीले ४५.६, कर्णालीले ४१.६, गण्डकीले ४०.८ र लुम्बिनीले ३५.९ अंक प्राप्त गरेको छ। कार्यसम्पादनमा सबैभन्दा कमजोर मधेस प्रदेश देखिएको छ, मधेस प्रदेशले ३० अंकमात्र पाएको छ।




**प्रदेशले पाएको अंक**

| | |
|---|---|
| सुदूरपश्चिम | : ५१.६ |
| कोशीले | : ५०.९ |
| बागमती | : ४५.६ |
| कर्णाली | : ४१.६ |
| गण्डकी | : ४०.८ |
| लुम्बिनी | : ३५.९ |
| मधेस | : ३० |

आयोगले प्रदेशहरूलाई विभिन्न १९ वटा सूचकका आधारमा कार्यसम्पादनको अंक दिएको हो। जसमा लेखापरीक्षण भएको रकम, कायम भएको बेरुजु, प्रदेशले स्थानीय तहलाई ससर्त अनुदान उपलब्ध गराए/नगराएको अवस्था, सवारीसाधन करबापत रकम सम्बन्धित स्थानीय सरकारको सञ्चित कोषमा दाखिला गरे/नगरेकोलगायत विषय छन्।

वार्षिक बजेट विनियोजन तथा खर्चको स्थिति, पुँजीगत बजेट र त्यसको खर्च, राजस्व संकलनको अवस्था, स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय समानीकरण अनुदान, तोकिएको समयमा वार्षिक बजेट समीक्षा, प्रदेशको वायुको गुणस्तर, समुदायमा आधारित वन व्यवस्थापनलगायत सूचक तयार पारी मूल्यांकन गरिएको आयोगले जनाएको छ। सबै प्रदेशले सूचक-२ मा शून्य अंक पाएको आयोगले जनाएको छ।

⏭ क्रमशः पृष्ठ ३ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# अबुधाबीबाट पनि सुरु भयो श्रम स्वीकृति सेवा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले संयुक्त अरब इमिरेट्स (युएई)बाट पनि श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था मिलाएको छ । बिहीबार दुबईमा आयोजित एक कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले उक्त सेवाको शुभारम्भ गरे।

अबुधाबीस्थित नेपाली दूतावासका अनुसार मन्त्री भण्डारीले नेपाल सरकारले वैदेशिक रोजगारीमा गएका श्रमिकहरूको हित र सुविधालाई ध्यानमा राखी राज्यले प्रदान गर्ने सेवा सुविधाहरूलाई सहज, सरल र प्रविधिमैत्री बनाउँदै लैजाने बताए । उनले सम्बन्धित दूतावासहरूबाटै श्रम स्वीकृति उपलब्ध गराउने व्यवस्थाले नेपाली श्रमिकहरू लाभान्वित हुने, नेपालमा गइरहनुपर्ने झन्झटबाट मुक्त हुने र आफ्नो पेसा र व्यवसायलाई निरन्तरता दिन सहज हुने बताए।

मन्त्री भण्डारीले यो व्यवस्था क्रमैसँग अन्य दूतावासहरूबाट पनि प्रवाह हुने बताउँदै उनले देशको ठूलो युवाशक्ति वैदेशिक रोजगारीमा रहेको, विप्रेषणको मुख्य स्रोत वैदेशिक रोजगारी भएको परिप्रेक्ष्यमा सरकारले नेपाली श्रमिकको हक, हित र संरक्षणका लागि आवश्यक नीति निर्माण गरी समयानुकूल सेवा सुविधा



उपलब्ध गराउन आवश्यक भएको उल्लेख गरे।

संयुक्त अरब इमिरेट्सका लागि नेपालका राजदूत तेजबहादुर क्षेत्रीले श्रमिकका लागि दूतावासले गरिरहेका कामबारे जानकारी दिँदै 'अनलाइन' श्रम स्वीकृति सेवा दूतावासबाटै उपलब्ध भएपछि नेपाल सरकारले श्रमिकहरूलाई उपलब्ध गराउने सुविधा लिन सहज हुने बताए। उनले नेपाली राजदूतावास अबुधाबी नेपाली श्रमिकहरूको हकहित संरक्षणमा सधैं प्रतिबद्ध रहेको र सोहीअनुरूप दूतावासमा उपलब्ध सीमित जनशक्ति र स्रोतसाधनका बाबजुद पनि प्रभावकारी सेवा प्रदान गरेको बताए।

राजदूत क्षेत्रीले दूतावासका विभिन्न सेवालाई विगतदेखि अनलाइन प्रणालीबाट प्रवाह गरिएको र श्रम स्वीकृति लिने कार्य पनि अनलाइन भएपछि सेवा प्रवाहमा चुस्तता आउने विश्वास व्यक्त गरे।

त्यसअवसरमा गैरआवासीय नेपाली संघ र युएईस्थित नेपाली समाजका प्रतिनिधिसहित युएईमा रहेका विभिन्न संघसंस्थाका प्रतिनिधिको सहभागिता थियो। साथै गैरआवासीय नेपाली संघ युएईका अध्यक्ष विकास शाही र नेपाली समाज युएईका अध्यक्ष राम मोक्तानले पनि आ-आफ्ना धारणा व्यक्त गरेको उक्त दूतावासले जारी गरेको प्रेस विज्ञप्तिमा जनाइएको छ । उक्त कार्यक्रममा श्रमसम्बन्धी अन्तर्क्रिया पनि आयोजना गरिएको थियो । वैधानिकीकरण श्रम स्वीकृति प्रदान गर्ने अबुधाबी मस्कटपछि दोस्रो राजदूतावास हो।

संघको निर्वाचन विवाद

## असन्तुष्ट व्यवसायीहरूले भेटे प्रमुख जिल्ला अधिकारी

**काठमाडौं (प्रस)–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनसहितको साधारणसभा सारिएको विषयमा संघका पूर्वअध्यक्ष तिलक रानाभाटको नेतृत्वको टोलीले काठमाडौंका प्रमुख जिल्ला अधिकारीको ध्यानाकर्षण गराएको छ।

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार एसोसिएसन, एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन, नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च, तराई वैदेशिक रोजगार व्यवसायी समाजलगायत संस्थामा आबद्ध व्यवसायीहरूले शुक्रबार जिल्ला प्रशासन पुगेर प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीको ध्यानाकर्षण गराएका हुन्।

व्यवसायीहरूले संघको विधान मिचेर वर्तमान कार्यसमितिले स्वार्थपूर्ण हिसाबले निर्वाचन तथा साधारणसभा सारेको विषय तिवारीलाई जानकारी गराएका थिए। भेटमा असन्तुष्ट व्यवसायीले आफ्नो भनाइ राखेपछि तिवारीले संघको विधान मिचिएको विषय बुझेको एसोसिएसनका महासचिव महेश बस्नेतले प्रभावलाई बताए।

'संघको विधान मिचिएको विषयमा मलाई थाहा थिएन, तपाईंहरूको कुरा सुनेपछि विधान मिचिएको प्रस्ट भयो भनेर सिडिओ सापले भन्नुभयो,' बस्नेतले भने, 'आइतबारसम्म यस विषयमा निर्णय लिने बताउनु भएको छ।'

आवश्यक परे संकलित हस्ताक्षर पनि बुझाउने व्यवासायीहरूले बताएका छन्। जिल्ला प्रशासनबाट यथाशक्य चुनाव सार्ने निर्णय नआए व्यवसायीहरूले निर्मम कदम चाल्न बाध्य हुने बस्नेतले बताए।

⏭ क्रमशः पृष्ठ ३ मा


जनहितमा जारी सन्देश

**जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू**

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरू गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरू हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरू अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने

कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं

आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं

आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने गरौं

हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं

सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गरौं

गिजरको मुख्य मेसिनलाई बाथरूम बाहिर खुला ठाउँमा जडान गरौं

गिजर खोलेर लामो समयसम्म बाथरूममा बस्ने नगरौं

गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरूमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

# अनुकूलनसम्बन्धी दक्षिण एसियास्तरी सम्मेलन सम्पन्न

■ प्रभाव संवाददाता

**काठमाडौं–** दक्षिण एसियामा स्थानीय नेतृत्वमा आधारित अनुकूलन (एलएलए)को स्तरोन्नतिमा देखापरेका चुनौती, असल अभ्यास तथा अवसर विषयक कार्यशाला काठमाडौंमा सम्पन्न भएको छ । वन तथा वातावरण मन्त्रालयको समन्वय तथा द ग्लोवल सेन्टर अन एडप्टेसन (जिसिए) र डिसिएको आयोजनामा सम्पन्न भएको उक्त कार्यशालामा दक्षिण एसियाली मुलुकहरूको अनुकूलन अभ्यासका बारेमा अनुभव आदानप्रदान गरिएको थियो ।

कार्यशालाको अन्तिम दिन शुक्रबार आयोजना गरिएको अन्तरक्रियामा जिसिएका एसिया निर्देशक सुसान सेनले प्रत्येक मुलुकहरूले स्थानीय अनुकूलन कार्ययोजना तयार गरी लागू गर्ने प्रयास गरिरहेको उल्लेख गरे । त्यसलाई थप व्यवस्थित बनाउन स्थानीय तहको क्षमता अभिवृद्धि गर्नुपर्नेमा उनको जोड थियो । यसैगरी अनुकूलन अभ्यासका लागि बजेट तर्जुमा र सरोकारवालाहरूको ज्ञान, सीप अभिवृद्धिका लागिसमेत थप पहल गर्न जरूरी रहेको एसिया निर्देशक सेनले भनाइ थियो । त्यसका लागि नेपालजस्ता मुलुकहरूले विभिन्न बहुपक्षीय वित्तीय सहायता संस्थाहरूसँग सहकार्य गर्नुपर्ने उनले औंल्याए ।

वन मन्त्रालयका उपसचिव सुमन सुवेदीले नेपालका ७५३ वटै स्थानीय तहमा स्थानीय अनुकूलन योजना (लापा) तयार गरी कार्यान्वयन गर्ने प्रयास भइरहेको भए पनि अझै कयौं स्थानीय निकायले यो योजना कार्यान्वयन गर्न बाँकी रहेको बताए । नेपालजस्तो जलवायु परिवर्तनको जोखिमका हिसाबले उच्च संवेदनशील मुलुकमा जलवायु अनुकूलनका लागि थप लगानी गर्नुपर्ने उनको भनाइ थियो ।

कार्यशाला एउटै मुद्दामा केन्द्रित भएर काम गरिरहेका दक्षिण एसियाका विभिन्न निकायहरूको अनुभव साट्ने सवालमा निकै महत्त्वपूर्ण भएको उल्लेख गर्दै उपसचिव सुवेदीले यस्ता कार्यक्रमले नेपालको पर्यावरण संरक्षण, जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन योजनालाई समयसापेक्ष बनाउन मद्दत पुग्ने धारणा व्यक्त गरे ।

डिसिएकी राष्ट्रिय निर्देशक डा. सम्झना विष्टले फरक देशहरूमा भइरहेका अनुकूलनको अभ्यासहरूमा कसरी सार्वजनिक र निजी साझेदारी बढाउन सकिन्छ भन्ने सवालमा छलफल गर्न कार्यशालाले एक साझा मञ्च प्रदान गरेको बताइन् ।

कार्यशालाका सहभागीहरूले जलवायु परिवर्तनका कारण जोखिममा रहेका समुदायको विपद् उत्थानशिलता बढाउनका लागि आफ्नो देशमा भएका पहलहरू प्रस्तुत गरेका थिए । यी अनुभव नेपालका जोखिमयुक्त समुदायको विपद् जोखिम न्यूनीकरणमा समेत उपयोगी हुनसक्ने उनीहरूको धारणा थियो । आगामी दिनका लागि नेटवर्क विस्तार तथा विकास गर्नका लागि यो कार्यशालाले महत्त्वपूर्ण भूमिका खेलेको डा. विष्टले उल्लेख गरे ।

एफसिडियोका जलवायु सल्लाहकार युगान मानन्धरले विपद् जोखिम व्यवस्थापनका लागि एफसिडियोले अन्तरिक जोखिम मूल्यांकनका आधारमा आपत्कालीन कोष तयार गरेको बताए । साथै उनले त्यस्तो कोषलाई सरकारी तहमा थप संस्थागत गरी विपद्का समयमा उपयोग गर्न सकिने धारणा व्यक्त गरे । यसका लागि सरकारी र निजी साझेदारी सिर्जना गर्न सकेमा त्यो अझ प्रभावकारी एवं दिगो बन्ने उनको भनाइ थियो ।

तीनदिने कार्यशालामा खाद्य सुरक्षा, पानीको स्रोत व्यवस्थापन, सहरी विकास, जलवायु वित्तजस्ता सवालहरूमा समूहगतरूपमा छलफल गरिएको थियो । सम्मेलनमा नेपालसँगै दक्षिण एसियाका अन्य राष्ट्रहरू भारत, पाकिस्तान, भुटान, श्रीलंका र बंगालादेशका प्रतिनिधिहरू तथा यस क्षेत्रमा कार्य गरिरहेका सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरूको सहभागिता थियो ।


## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/०२/१३ मा दर्ता भएको **प्रा.लि. नं. १३५४५०** को **विहुँकोट केवल नेटवर्क प्रा.लि.** को मिति २०८१/११/०२ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं फोन नं. ९८५११६३७२३, ईमेल** : rokayasherbahadur723@gmail.com

## गोलिया काठको बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८११/११/०३ गते

यस सामुदायिक वन क्षेत्रमा २०८१ साल असोज महिनामा भएको अविरल वर्षाका कारण ढलेका रुखहरू कटान मुछान गरी उत्पादन भएको खोटेसल्ला र गोब्रेसल्ला प्रजातिका ३९००.७४ क्यु.फि. गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी शिलबन्दी बोलपत्रवाट लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित मितिले २१ दिन भित्रमा बोलपत्र फारम खरिद गरी यसै कार्यालयमा २२ औं दिन दिउसो १:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न सूचित गरिन्छ । बिस्तृत सूचना यस समूहको कार्यालय तथा डिभिजन वन कार्यालय ललितपुरको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सूचित गरिन्छ ।

**कुमारी सामुदायिक वन उपभोक्ता समूह**
**गोदावरी न.पा. -४, ललितपुर**

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

यस कम्पनीको मिति २०८१।१०।१५मा बसेको विशेष साधारण सभाको निर्णयानुसार कम्पनी एडभेन्चर आउटडोर गियर कम्पनी प्रा.लि. (Adventure Outdoor Gear Company Pvt. Ltd.) दर्ता नं. ११५७७६।०७०।०७१ नामको रहेको संम्पूर्ण चल अचल संम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सर्कार्ने गरी कम्पनीको नाम परिवर्तन गरी फोटिन पिक्स आउटडोर प्रा.लि.(Fourteen Peaks Outdoor Pvt. Ltd.) कायम गरिएकोले सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## काठमाडौं विश्वविद्यालय
## शिलबन्दी बोलपत्र (Tender) को सूचना

(प्रकाशित मिति २०८१।११।०३)

काठमाडौं विश्वविद्यालय, स्कूल अफ आर्टस्, कम्प्युटर ल्यावको लागि ३० सेट कम्प्युटर खरिद गर्नुपर्ने भएकोले इच्छुक रजिष्टर्ड फर्म र कम्पनीहरुले विश्वविद्यालयको **website: www.soa.ku.edu.np** मा उल्लेख गरिए बमोजिमको कागजातहरु संलग्न गरी २०८१।११।०३ मा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले १० दिन भित्र यस विश्वविद्यालयमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र फाराम रु १०००/- (एक हजार) पछि फिर्ता नहुने गरी नेपाल इन्भेष्टमेण्ट मेघा बैंक लगनखेल शाखा, ललितपुरमा रहेको यस विश्वविद्यालयको खाता हि.नं. ०४००१०३०२६०१३८ मा जम्मा गरेको सक्कल भौचर संलग्न गरी, स्कूल अफ आर्टस्, प्रशासन शाखा हात्तिवनबाट लिन सकिने छ ।

डीन
स्कूल अफ आर्टस्, काठमाडौं विश्वविद्यालय, हात्तिवन, ललितपुर

शर्तहरु :
- बोलपत्रदाताले बोलपत्रसाथ आफुले सप्लाई गर्ने माथि उल्लेखित उपकरणहरु दिइएको **Specifications** अनुसार हुनुपर्नेछ ।
- आफूले कवोल गरेको कूल कवोल रकमको ५(पाँच) प्रतिशत रकम नेपाल इन्भेष्टमेण्ट मेघा बैंक, लगनखेल शाखामा स्कूल अफ आर्टस, का.वि.वि. को नाममा रहेको हि.नं. ०४००१०३०२६०१३८ मा जम्मा गरेको बैंक भौचर वा कम्तिमा ९० दिनको बैंक ग्यारेन्टि कुनै एकको निस्सा बोलपत्रसाथ पेश गर्नुपर्ने छ ।

आवश्यक कागजातहरु :
- रजिष्टर्ड फर्म कम्पनीको प्रमाण पत्रको प्रतिलिपि ।
- सामानहरुको (**VAT** सहित) मूल्य ।
- नविकरण सहितको फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
- मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा नियमानुसार आ.व २०८०/०८१ को कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि ।

**सम्पर्क :**
**स्कूल अफ आर्टस्, काठमाडौं विश्वविद्यालय, हात्तिवन, ललितपुर**
**पो. ब.नं. ६२५०**
**फोन: ०१ ५९१३३०६, Ext : २०८**
**E-mail: manager@soa.ku.edu.np**

## Mahabharat Rural Municipality
## Office of the Rural Municipal Executive
## Devitar, Kavrepalanchok.

## Invitation for Sealed Quotation

**for the procurement of Medicine and Surgical Equipment's**
**Sealed Quotation No: SQ/GOODS/MRMO/081-82/01**

***Date of first Publication: 2081/11/03***

1. The *Mahabharat Rural Municipality* invites sealed quotations from registered Suppliers for the supply, delivery and installation of ***Medicine and Surgery Tools***.
2. *Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Mahabharat Rural Municipality, Devitar, kavre; phone: 9851081078; mailing address ito.mahabharatmun@gmail.com) or may visit PPMO website www.bolpatra.gov.np.]*
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document (NRs. 1000.00) in the following account.

   **Name of the Bank** : Laxmi Sunrise Bank
   **Name of Office** : Mahabharat RuralMunicipality .
   **Office Code No.** : 801032612
   **Office Account No.** : 0930536214703005
   Rajaswa (revenue) Shirshak No. : ……………………"]
4. Sealed bids must be submitted through e-GP system i.e. www.bopatra.gov.np/egp on or before 12:00 hrs on 2081/11/18. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hrs on **2081/11/18** at the office of the Rural Municipal Executive, Devitar, kavrepalanchok. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **NRs. 81,000.00**, which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. 0930536214703001 at Laxmi Sunrise bank and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

## पेन्सन पट्टा हराएको सूचना

मिति २०८१/०९/१० गते ललितपुर जिल्ला, गोदावरीबाट सातदोबाटो जाँदा मेरो निम्न व्यहोरा भएको पेन्सन पट्टा, प्रमाण पत्र साथै कल्याणकारी योजना पट्टा हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम: मान बहादुर तामाङ**
**पेन्सन पट्टा नं.** : ६१८१८२
**दर्जा:** हुद्दा
**अवकाश मिति** : २०७९/०९/०१
**कार्यालय: श्री फष्ट राईफल गण, उत्तरढोका काठमाडौं**
**ठेगाना: हेटौडा उ.म.न.पा. १, मकवानपुर**
**सम्पर्क नं.:** ९८४१३९६७८५

## वैदेशिक रोजगार विभागको
## सार्वजनिक सूचना

प्रकाशित मिति: २०८१/१०/१२

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त तपसिल बमोजिमका श्री **Sony International Requidments Services Pvt. Ltd.**(ई.प.नं.१२८९/०७४/७५) को संचालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरू दा.खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति भई तपसिल व्यक्तिको नाममा हक कायम भइसकेको हुँदा कोही कसैको हकदावी छ भने यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र सवुद प्रमाण सहित **बैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| साविक शेयरधनी नाम/ शेयर संख्या | अब कायम हुने शेयरधनीहरुको नाम/ शेयर संख्या |
|---|---|
| १. मो. एजाज आलम (०१-४००००) | १. जयनाथ साह (०१-४००००) |

## मोटरसाईकल हराएको सूचना

मिति २०८१/१०/३० गते अ. २०:०० बजेको समयमा का.जि.का.म.पा.-३१ आलोकनगर स्थित कुकर क्याफे बाहिर सडकखण्डमा पार्किङ गरेको अवस्थाबाट बा.प्र.०२,०४७ प २९९२ को रातो कालो रङ्गको निम्न व्यहोरा भएको २०० सि.सिको एनएस बजाज पल्सर मोटरसाईकल हराएको हुदाँ फेला पार्नु हुने महानुभावले निम्न ठेगाना वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**सवारीधनीको नाम: उद्दब थापा**
**ईन्जिन नं.:JLXCDE60496**
**च्यासिस नं.:MD2A36FX5PCF94254**
**सम्पर्क नं.:9861448413**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६१/१२/१८ मा दर्ता भएको **प्रा.लि. नं. ३३६४२** को **ग्रामिण केबुल नेटवर्क प्रा.लि.** को मिति २०८१/११/०२ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्वन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं फोन नं. ९८५११६३७२३, ईमेल** : rokayasherbahadur723@gmail.com

## साउदी/युएइमा रोजगार

कम्पनी : Danube Co. for Maintenance & Cleaning — सेवा शुल्क: १०,००० — पूर्व स्वीकृति मिति : २०८१/११/०१ — LT. No. 318871 — चलानी नं.६०२३३०१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Worker | 50 | 0 | 1200 | ४४,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Danube Co. for Maintenance & Cleaning — सेवा शुल्क: १०,००० — पूर्व स्वीकृति मिति : २०८१/११/०१ — LT. No. 318872 — चलानी नं.६०२३३०११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Worker | 100 | 0 | 1200 | ४४,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : EFS Facilities Services Management L.L.C — सेवा शुल्क: नि:शुल्क — पूर्व स्वीकृति मिति : २०८१/०७/२६ — पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/०२ — LT. No. 313403 — चलानी नं.६०२२७८१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 32 | 66 | 800 | ३०,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १० गते (22nd Feb. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HAMDAN GLOBAL PVT. LTD.**
Sinamangal - 9, Kathmandu (Opposite of Hope hospital), Tel: +977 1 5915082 / 83
Email: hamdanglobalnepal@gmail.com, Web: www.hamdanglobal.com
License No. : 1563/079/080


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**शनिबार, ०३ फागुन, २०८१**

| | |
|---|---|
| **मेष** | तत्काल फाइदाले परिस्थिति बिग्रने छ । |
| **वृष** | स्रोतसाधन जुट्नाले लगानिमा उत्साहा आउने । |
| **मिथुन** | नयाँ काम थालनी गर्ने अवसर मिल्ने छ । |
| **कर्कट** | सुखद् समाचारले उत्साह जगाउन छ । |
| **सिंह** | आम्दानीको स्रोत भएपनि खर्च बढ्ने छ । |
| **कन्या** | आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव । |
| **तुला** | दिगो कामको जग बसाउन सकिने छ । |
| **वृश्चिक** | रमाइलो जमघटमा सहभागी बन्ने अजसर । |
| **धनु** | व्यस्तताले शरीरमा कमजोरी पना आउने । |
| **मकर** | विषेश अवस प्रप्त हुनले मन प्रफुल्ल हुने । |
| **कुम्भ** | साथिभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुने । |
| **मीन** | नयाँ अवसर साथै भौतिक सुख जुट्ने छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०३ फागुन, २०८१ (१५ फेब्रुअरी, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३८.६३ | १३९.२३ |
| युरो | १ को | १४३.०२ | १४३.६४ |
| पाउन्ड स्टिर्लङ | १ को | १७१.४० | १७२.१४ |
| स्विस फ्रैन्क | १ को | १५१.९१ | १५२.५७ |
| अस्ट्रेलियन डलर | १ को | ८६.९७ | ८७.३५ |
| क्यानाडियन डलर | १ को | ९६.६६ | ९७.०८ |
| सिङ्गापुर डलर | १ को | १०२.२५ | १०२.६९ |
| जापानी येन | १० को | ९.१० | ९.१४ |
| चिनियाँ युआन | १ को | १८.९७ | १९.०५ |
| साउदी अरब रियाल | १ को | ३६.९७ | ३७.१३ |
| कतारी रियाल | १ को | ३८.०२ | ३८.१९ |
| थाई भाट | १ को | ४.०७ | ४.०९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.७४ | ३७.९१ |
| मलेसियन रिङेट | १ को | ३१.०१ | ३१.१५ |
| दक्षिण कोरियन वन | १०० को | ९.५४ | ९.५८ |
| स्विडिस क्रोनर | १ को | १२.६९ | १२.७५ |
| डेनिस क्रोनर | १ को | १९.१८ | १९.२६ |
| हङकङ डलर | १ को | १७.७९ | १७.८७ |
| कुवेती दिनार | १ को | ४४८.७७ | ४५०.७१ |
| बहराइन दिनार | १ को | ३६७.७४ | ३६९.३३ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



# पाइलट बन्न छाडेर पर्यटन क्षेत्रमा जमेका 'संघर्ष'

**सिबी अधिकारी/काठमाडौं**

संघर्ष विष्ट ३० वर्षअघि पाइलट बन्नका लागि पढाइ गर्न अमेरिका पुगे । पाइलट बनेर देशको सेवा गर्ने उनको सपना थियो । तर परिस्थितिले उनलाई पाइलट बन्नेभन्दा पनि अन्य क्षेत्रमा लागेर देशको सेवा गर्ने अवस्थामा ल्यायो ।

पाइलट बन्ने सपना थाती राखेर विष्ट नेपाल फर्किए । अभिभावक (बुबा-आमा) को चाहनाअनुसार विष्टले पाइलटको सपना छाडेर नेपालमा पुर्ख्यौली पेसा (पर्यटन व्यवसाय) सम्हाले । उनी आज नेपालमा पर्यटन व्यवसायमा जमेका छन् । संघर्ष सफल पर्यटन व्यवसायीको रूपमा चिनिन्छन् ।

संघर्षको पाइलट बन्ने सपना अब उनकी जेठी छोरी अर्नग्या विष्टले पुरा गर्दै छिन् । केही दिनअघि छोरीलाई पाइलट पढ्न अमेरिका बिदा गरेका विष्टले आफ्नो विगत सम्झिएर निकै भावुक बने । उनले भने, 'आजभन्दा ३० वर्षअघि म अमेरिकामा पाइलट तालिम गरिरहेको थिएँ, बिदामा बुबाआमाको औधी याद आयो । लगत्तै नेपाल फर्किएँ । त्यही बीचमा आमाबुबाले भने, तँ, पाइलट पढेपछि कता-कता जालास् ! तिमी हामीलाई चाहिन्छ, यो व्यवसायलाई सम्हाल्नुपर्छ भन्नुभयो ।' अभिभावकको चाहनाअनुरूप विष्ट नेपाल फर्केर पर्यटन व्यवसायमा रमाए ।

आफ्ना सन्तान चिकित्सक, पाइलट र इन्जिनियर बनून् भन्ने अभिभावकको पहिलो चाहना हुन्छ । यो पेसामात्रै नभएर समाजको प्रतिष्ठा पनि बनिरहेको छ । तर, विष्ट परिवारले प्रतिष्ठाभन्दा पनि पुर्ख्यौली पेसालाई प्राथमिकता दिएर छोरालाई नेपालमै व्यवसायमा डोऱ्याउने निधो गरे । संघर्षले अभिभावको चाहनालाई नकार्न सकेनन् । पेसा व्यवसायलाई निरन्तरता दिए । संघर्षको सपना पाइलट बन्ने नै थियो । तर परिवार र देशप्रतिको मायाले उनी स्वदेश फर्किए ।

नामजस्तै संघर्षको संघर्षले व्यावसायिक सफलता प्राप्त गरेका छन् । रेस्टुरेण्ट एण्ड बार एसोसिएसन (रेबान) का केन्द्रीय अध्यक्षसमेत रहेका विष्टको होटल तथा रेस्टुरेण्ट व्यवसायमा नेतृत्व लोभलाग्दो छ । 'संघर्षपछिको सफलताले जीवनलाई आनन्दित तुल्याउँछ,' उनी भन्छन्, 'आज म असाध्यै खुसी छु । किनकि नेपालमै बसेर केही भए पनि गर्नसकेको छु, मेरो ठूलो सपना छैन । यही देशमा केही गरुँ भन्ने हुटहुटी छ ।'

संघर्ष स्वदेश फर्कनुमा एउटा गज्जबको संयोग छ । उनको परिवार कोटेश्वरमा बस्छ । परिवारका पाँच सन्तान (चार छोरा र एक छोरी) मध्ये संघर्ष साहिँलो छोरा हुन् । 'म अमेरिका उडेपछि बुबाआमाले सधैं चित्त दुखाएर कोटेश्वरमाथि उड्ने विमानलाई सोध्नुहुन्थ्यो रे 'तैंले मेरो छोरालाई अमेरिका लगिस्, कहिले फिर्तागर्छस् ?,' उनले भने, 'त्यतिमात्रै हैन, दक्षिणकाली मातालाई प्रार्थना गरेर मेरो छोरो चाँडो फिर्ता गरिदिनुस् । फर्केपछि कालो बोको चढाउँछु भनेर भाकल गर्नुभएको रहेछ ।' पछि नेपाल फर्केर दक्षिणकालीमा भाकल पूरा गरेको विष्टले स्मरण गरे ।

'बुबाआमाको चाहनाअनुसार पाइलट बन्ने सपना छाडेर यहाँ बसेँ । मेरो जीवनमा बन्ने इच्छा र सपना नै पाइलट थियो,' विष्टले भने, 'मेरो सपना ब्रेकफास्ट नेपालमा, लञ्च युरोपमा र डिनर अमेरिकामा गर्ने थियो । तर, बुबाआमाको सपनालाई पहिलो प्राथमिकता दिएर मेरो इच्छालाई त्यत्तिकै थाती राखें ।'

सपना रोकिएकामा केही समय विष्टमा छटपटी हुन्थ्यो । सन् २००३ मा विवाह गरेको एक महिनामा उनी बुबाआमालाई युरोप घुम्न जान्छु भनेर अमेरिका पुगे । यसबारे उनले श्रीमतीलाई मात्रै जानकारी दिए । विष्टले अमेरिकामा प्याराग्लाइडिङको तालिम लिए । करिब नौ महिनाको तालिम सकेर उनी प्याराग्लाइडिङको पहिलो लाइसेन्स होल्डर नेपाली पनि बने । उनीअघि नारायण पराजुली र राजेश बम्जनले प्याराग्लाइडिङको तालिम लिएका थिए तर लाइसेन्स भने लिएका थिएनन् ।

विष्ट भन्छन्, 'केही हदसम्म मेरो पाइलट बन्ने सपनाचाहिँ प्याराग्लाइडिङमा रमाएर सीमित राखें । तर, म गौरव गर्छु किनकि नेपाल संसारकै सुन्दर देश हो । जातजाति, भाषाभाषी, सगरमाथा र बुद्ध जन्भूमिमा बसेर थोरै भए पनि आत्मनिर्भर भएर पर्यटन व्यवसायलाई चलायमान बनाउन पाउँदा ज्यादै खुसी छु र नेपालमा बस्न पाएकोमा गौरव पनि गर्छु ।'

आफूलाई खुसी राख्न विष्टले निरन्तर मिहेनत र समाजसेवालाई निरन्तरता दिएका छन् । उनी दैनिक १२ देखि १४ घण्टा श्रम गर्छन् । विष्टको अनुभवमा जीवनमा प्राप्तिमात्रै हैन त्याग र समर्पणको आनन्द पनि बेल्लै छ । 'आफ्नै देशमा बसेर केही युवालाई छोटो समय काम सिकाएर सक्षम व्यावसायिक वातावरण बनाउने र नेपालको अर्थतन्त्रलाई टेवा पुऱ्याउन केही हदसम्म योगदान पुगेको छ । यसैबाट मलाई आनन्द आउँछ,' उनले भने ।

विष्टको सफलतामा जीवनसाथी विश्व कीर्तिमानी नेपाली प्रतिष्ठा अमात्य (विष्ट) को दरिलो साथ छ । प्रतिष्ठा सन् २००४ मा स्मरण शक्तिमा गिनिज बुक अफ वर्ल्ड रेकर्डमा नाम लेखाउने पहिलो नेपाली हुन् । गीत गायन र रचनामा पनि पोख्त उनका विभिन्न एल्वम् सार्वजनिक भएका छन् । अहिले उनी पर्यटन क्षेत्रमा सघाइरहेकी छन् । सफल व्यवसायी विष्ट व्यवसायका अतिरिक्त खेलकुद र समाजसेवाको क्षेत्रमा पनि उत्तिकै सक्रिय छन् । विद्यालय तहदेखि नै धावक रहेका विष्ट मार्सल आर्टमा ब्लाकबेल्ट हुन् । साइक्लिङ संघका पूर्वअध्यक्ष उनले प्याराग्लाइडिङ र स्वीमिङमा पनि विभिन्न रेकर्ड कायम गरेका छन् ।

### संस्कृति प्रवर्द्धनमा "नेपाली चुल्हो"

लाजिम्पाटमा रहेको 'नेपाली चुल्हो' लोकप्रिय भोजन गृहको रूपमा स्थापित छ । पारिवारिक वातावरणमा स्तरीय खानाका परिकारको स्वाद चखाइरहेको नेपाली चुल्होले संस्कृति र पर्यटन प्रवर्द्धन गरिरहेको छ । नेपाली चुल्होका प्रबन्ध निर्देशक विष्ट विभिन्न परिकारको स्वाद ग्राहकमाझ पुऱ्याइरहेको बताउँछन् ।

'विभिन्न सांस्कृतिक प्रस्तुतिसहित खानाको साथमा नेपाली पर्यटन प्रवर्द्धन गरिरहेका छौं,' उनले भने । नेपाली चुल्होमा विभिन्न जातजाति र वेषभूषा झल्कने सांस्कृतिक प्रस्तुतिसहित खानाका परिकार लिन सकिन्छ । यस्तै विष्टकै नेतृत्वमा रहेको ठमेलमा ३० वर्षदेखि स्थापित 'नर्थफिल्ड क्याफे'मा भारतीय, अमेरिकन, म्याक्सिकन कन्टिनेन्टल खानाको मज्जा लिन पाइन्छ । ठमेलकै 'लाबेला क्याफे'मा इटालियन कन्टिनेन्टल खाना पाइन्छ । नर्थफिल्ड पर्यटकको रोजाइमा पर्छ ।

पर्यटन व्यवसायी विष्ट सामाजिक कार्यमार्फत धेरैका लागि भरोसा र आशाका केन्द्र पनि बनेका छन् । उनीमार्फत अवसर पाएका देशका विभिन पेसामा उपल्लो तहमा कार्यरत छन् । आफूले सहयोग गरेका व्यक्ति उपल्लो पदमा पुग्दा ज्यादै खुसी र आनन्द लाग्ने उनी बताउँछन् । नवौं राष्ट्रिय खेलमा प्याराग्लाइडिङ प्रशिक्षकको जिम्मेवारी निभाएका विष्ट नेपाल साइक्लिङ एसोसिएसनका पूर्वउपाध्यक्ष छन् । चर्चित 'बुद्ध वाज बर्न इन नेपाल' अभियानका संयोजक विष्ट टुर दि लुम्बिनीको उपाध्यक्ष र ठमेल पर्यटन विकास परिषद्का पूर्वउपाध्यक्ष हुन् ।

रेस्टुरेण्ट र बारमा गएर खाना खाने संस्कृति विकास भएको धेरै समय भएको छैन । विशेषगरी सहरी क्षेत्रमा रेस्टुरेण्ट तथा बारको व्यवसाय बढ्दो छ । रेस्टुरेण्ट तथा बारमा पुग्ने युवा जनशक्ति धेरै छ । बाहृय र अन्तरिक पर्यटकको भरमा रेस्टुरेण्ट एण्ड बार सञ्चालन भएका छन् । विष्टले रेस्टुरेण्ट एण्ड बारको व्यापार विस्तारको बिकल्प नेपालमा अब विदेशी पर्यटक भित्र्याउने र आन्तरिक पर्यटक प्रवर्द्धनको कार्यक्रम सञ्चालन गर्नु रहेको बताए । *रासस*

# काठमाडौंमा राडी बेचेर परम्परागत सीप बचाउँदै गोपाल

**विविशा पौडेल/काठमाडौं**

काठमाडौंका व्यस्त सडकमा एक वृद्ध राडी (भेडाको ऊनबाट बुनेको कपडा)को भारी बोकेर हिँडिरहेका छन् । सहरको भीडभाड, चिसो बतास र कहिलेकाहीँ पर्ने झरीको पर्वाह नगरी उनी निरन्तर अगाडि बढिरहेका छन् । उनी हुन्, ओखलढुंगाका गोपाल गुरुङ । गाउँमा छोराबुहारीले बुनेका राडी बेच्न उनी राजधानी आइपुगेका हुन् ।

गाउँमा राडी कसैले किन्दैनन् । त्यही भएर पनि बेच्न राजधानी आउनुपरेको गुरुङ बताउँछन् । कोशोरावस्थादेखि सुरु गरेको यो पेसालाई उनले पाको उमेर हुँदापनि निरन्तरता दिइरहेका छन् । 'बाल्यकालत खेतबारी जोत्दै, पशुपालन गर्दै बित्यो । 'हाम्रो पुर्खादेखिको पेसा नै भेँडाको ऊनबाट राडी बुन्ने हो । यो सीप मैले पनि सिकें, अनि आफ्नो छोराहरूलाई पनि सिकाएको छु' उनले भने ।

तर समय बदलियो । आधुनिक कम्बल र सिरक आउन थालेपछि गाउँघरमा हस्तनिर्मित राडीको माग घट्दै गएको छ । पहिलेपहिले त हाम्रै गाउँमा पनि सबैले राडी ओछ्याउँथे, अनी सम्झन्छु- अहिले त गाउँका सबै मान्छे पनि बजारबाट रेडिमेड सिरक किन्छन् त्यसैले हस्तनिर्मित राडीको माग घट्दै गएको गुरुङको भनाइ छ ।

उनका छोराबुहारी गाउँमै बस्छन् र परम्परागत तरिकाले राडी बुन्छन् तर उनीहरू सहर झर्ने सोच्दैनन् गाउँमै काम गर्न मन पराउँछन् । गोपाल भन्छन्, 'राडी त छोराबुहारीले बन्छन् । तर ती राडी बेच्न ठूलो समस्या हुन्छ । छोराबुहारी त आधुनिकतामा छन्, यसरी सडक डुलाएर बेच्ने गर्दैनन् । त्यसैले, बेच्न म आफैं आउँछु ।'

गाउँमा तयार भएका राडी सहर ल्याउनु सजिलो छैन । बसको भाडा पनि महँगो पर्छ । जे जति ल्याउन सकिन्छ, त्यति ल्याएर बजारतिर निस्किन्छु उनी भन्छन् ।

काठमाडौंमा उनको कुनै पसल छैन, कुनै निश्चित ठाउँ पनि छैन । उनी बिहानै उठेर विभिन्न गल्लीहरू चहार्छन् । ठमेल, असन, बसपार्क, रत्नपार्क अनि कहिलेकाहीँ भक्तपुरतिर पनि जान्छन् । कहिलेकाहीँ चोकचोकमा उभिएर ग्राहक कुर्छन्, कहिले ठूला पसलमा लगेर बेच्ने प्रयास गर्छन् । ठूला पसलवालाले चासो देखाउँदैनन् किनभने उनीहरूलाई सस्तो सामान चाहिन्छ । उनी भन्छन्, 'तर जसले नेपाली हस्तकलाको



महत्त्व बुझेको हुन्छ, उनीहरूले किन्दिन्छन् ।'

काठमाडौंमा उनी होटल वा डेरामा बस्दैनन् । गाउँकै आफन्तको घरमा बास बस्छन् । 'गच्छेअनुसार बास बस्नुपर्छ, व्यापार गर्न आएको मान्छेले धेरै खर्च गर्नु भएन,' उनी भन्छन् ।

राति आफन्तको घरमा आराम गरेपछि, भोलिपल्ट बिहानै उनी फेरि आफ्नो भारी बोकेर बजारतिर लाग्छन् । बिक्री राम्रो भए उनी केही हप्तामै गाउँ फर्किन्छन् । नत्र महिनौं काठमाडौंमै अल्झिइने उनले बताए । 'कहिलेकाहीँ राम्रो व्यापार हुन्छ, कहिलेकाहीँ दिनभर घुम्दा पनि केही बिक्री हुँदैन,' गुरुङले सुनाए ।

तर पनि उनी कहिल्यै निराश हुँदैनन् । उनी भन्छन्, 'संघर्ष नगरी केही हुँदैन, संघर्ष त गर्नैपर्छ । यो त हाम्रो पुर्खाको सीप हो । हामीले बिर्सनु हुँदैन, यो हाम्रो पेसाका बारेमा जसले बुझेको छ उसले त किन्छ ।'


राडी बेचिसकेपछि, उनी कमाएको पैसा संकलन गर्छन् । नयाँ ऊन किन्ने योजना बनाउँछन् । अनि फेरि गाउँ फर्किन्छन् त्यहाँ उनको परिवार पर्खिरहेको हुन्छ । छोराबुहारीले नयाँ राडी बुन्न थालिसकेका हुन्छन् । अनि केही महिनापछि, उनी फेरि काठमाडौं आउने तयारी गर्छन् ।

गुरुङको यो यात्रा केवल राडी बेच्ने व्यापारमात्र होइन । यो संघर्ष हो, परम्परागत नेपाली हस्तकलालाई जीवित राख्ने, परिवारको जीविकोपार्जन गर्ने र आफ्नो सीपको उचित मूल्य पाउने । उनले बोक्ने राडी केवल एउटा न्यानो वस्त्र होइन, यो उनीजस्ता मिहेनती मानिसहरूको पसिना, सपना र संघर्षको प्रतीक हो ।

# पहिचानको पर्खाइमा 'धान्द्रुके बाजे'

**गलकोट (बागलुङ)** - जिल्लाको भकुण्डेमा बाँसबाट सामग्री बनाउँदै आएका एक वृद्धको जीवनको उत्तरार्द्धमा पुग्दा पहिचानविहीन भएका छन् । बागलुङ नगरपालिका-१० भकुण्डेमा बस्दै आएका शारीरिक तथा मानसिकरूपमा कमजोर वृद्ध अहिलेसम्म पहिचानविहीन छन् ।

करिब ९० वर्षीय उनको नाम, ठेगाना र आफन्त नखुल्दा राज्यले दिने सामाजिक सुरक्षाभत्ताबाट वञ्चित हुनुपरेको छ । लामो समयदेखि भकुण्डेका विभिन्न घरमा आश्रय लिएर बस्दै आएका उनलाई स्थानीयले 'धान्द्रुके बाजे' भनेर बोलाउने गरेका छन् । सानै उमेरदेखि भकुण्डेमा आएर बाँसको चोयाका सामग्री बनाएर पेट पाल्दै आएका उनको उमेर बढ्दै जादा पछिल्लो समय हिँड्डुलमासमेत बाधा पुग्न थालेको देखिन्छ ।



स्पष्ट बोल्न नसक्ने उनी अहिले स्थानीय नरमाया थापाको घरमा आश्रय लिएर बसेका छन् । उनी भकुण्डेका परिचित व्यक्ति भए पनि नाम, ठेगाना खुल्न सकेको छैन । राज्यले पहिचानका रूपमा दिने नागरिकता पाउन नसक्दा उनी पहिचानविहीन भएका छन् ।

'हाम्रो घरमा बस्न लागेको थुप्रै वर्ष भयो, मेरो विवाह भएर आउँदा यही हुनुहुन्थ्यो, अहिले मेरै उमेर ६० पुग्यो,' उनले भने । उनलाई धान्द्रुके बाजे भने पनि धान्द्रुकमा उनको कोही आफन्त पत्ता लागेको छैन । नागरिकता बनाउन वडामा आयोजित शिविरमा पनि लगेका थियौं, पहिचान नखुलेको भन्दै नागरिकता दिइएन, बुधबार बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्का उनलाई भेट्न आएका थिए । नगरपालिकाको पहलमा नागरिकता बने बूढेसकालमा सहाराविहीनको नामकरण होला,' थापाले भने ।

उनको उमेर ९० वरपर भएको भकुण्डेका पूर्वगाविस अध्यक्ष तथा संविधासभा सदस्य नरबहादुर थापाले बताए । उनलाई नागरिकता दिनसके उनको पहिचान खुल्ने र सामाजिक सुरक्षाभत्ता पाउने बताए । जैमिनीको बिजुवामा जन्मेको र आमाले छोडेपछि धान्द्रुक बसाइँ सरेको भन्नेमात्र सुने पनि अहिलेसम्म आफन्त पत्ता लगाउन नसकिएको र उनी बोल्न नसक्ने भएकाले समस्या भएको थापा बताउँछन् ।

धेरै वर्षदेखि भकुण्डेमा बस्दै आएका वृद्ध रेश, सिगाना र रायडाँडासम्म पुगेर चोयाका सामग्री बनाउने गरे पनि अहिले शारीरिक रूपमा कमजोर भइसकेका छन् । वृद्धको अवस्था बुझ्न बुधबार भकुण्डे गएको बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्काले बताए । खड्काले जीवनको उत्तरार्द्धमा आइपुग्दा पनि पहिचानविहीन हुनु दुखद् भएको बताउँदै नागरिकता र अपांगता परिचयपत्र बनाउन जिल्ला प्रशासन कार्यालयमा समन्वय गरेको बताए । खड्काले भने, 'उहाँले एउटा परिचय पाउनु भनेको राज्य भएको महसुस गर्नु हो, स्थानीय सरकारका हैसियतले गर्ने आवश्यक समन्वय हामीले गर्छौं, कुनै नेपाली नागरिक पहिचानविहीन हुनुहुँदैन, संरक्षण लिनुपरे व्यक्तिगतरूपमा मैले नै लिन्छु, उनलाई नागरिकता दिलाउन स्थानीय सरकारले जस्तोसुकै जिम्मा लिन सकिन्छ ।'

प्रमुख जिल्ला अधिकारी नेत्र सुवेदीले स्थानीय, वडा कार्यालय र नगरपालिकाले सहजीकरण गरे नागरिकता दिन सहज हुने बताए । कानुनी विषय अध्ययनपश्चात सहजीकरण गर्ने र अभिभावक नभएको खण्डमा देखे/जानेकाको भनाइ तथा स्थानीयले संरक्षण लिनसके नागरिकता दिन सकिने प्रजिअ सुवेदीले बताए । *रासस*



**कलश यात्रा** | सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-४, चिरौलीस्थित शिवमन्दिरमा मूर्ति स्थापना तथा प्राण प्रतिष्ठाका अवसरमा शुक्रबार निकालिएको कलश यात्रामा सहभागीहरू । *तस्बिरः नवीन गड्तौला/रासस*

# गुल्मी अस्पतालमा विद्युतीय चिकित्सा अभिलेख प्रणाली सुरु

**गुल्मी-** जिल्ला सदरमुकाम तम्घासस्थित गुल्मी अस्पतालमा विद्युतीय चिकित्सा अभिलेख प्रणाली सुरु गरिएको छ । विश्व स्वास्थ्य संगठनद्वारा लुम्बिनी प्रदेशअन्तर्गतको सो अस्पतालमा पहिलोपटक उक्त अभिलेख प्रणाली सुरु गरिएको हो ।

विद्युतीय चिकित्सा अभिलेख प्रणाली सुरु भएसँगै अस्पतालबाट उपलब्ध हुने सबै प्रकारका सेवा डिजिटल प्रविधिका माध्यममा स्पष्ट देखिने भएको छ । विश्वस्वास्थ्य संगठन नेपालका डा. एलीसन गोकोटना र लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री खेमबहादुर सारुले गुल्मी अस्पताललाई उक्त सामग्री हस्तान्तरण गरेका हुन् ।

विद्युतीय चिकित्सा अभिलेख प्रणाली सुरु गर्दै विश्व स्वास्थ्य संगठन नेपालका डा. गोकोटनाले यो सेवाबाट नागरिकलाई धेरै सहजता पु¥याउने भन्दै जिल्लावासीले यसको अधिकतम प्रयोग गरेर सेवा लिन आग्रह गरे । यस अभिलेख प्रणालीबाट बिलिङ, टिकटिङ, डाक्टरको उपलब्धता, औषधिलगायत विवरण अभिलेख प्रणालीमार्फत जानकारी पाउन सकिने अस्पतालका निमित्त कार्यालय प्रमुख वैभव बस्यालले जानकारी दिए । यसबाट बिरामीलाई विगतदेखि वर्तमानसम्मका विवरण सहजैरूपमा उपलब्ध हुने बताइएको छ ।

विद्युतीय चिकित्सा अभिलेख प्रणालीको शुभारम्भ गर्दै लुम्बिनी प्रदेश सरकारका स्वास्थ्यमन्त्री खेमबहादुर सारुले यो सेवा सञ्चालन भएसँगै बिरामीलाई कागजी प्रक्रियाको झन्झट नहुने बताए । उनले स्वास्थ्य मन्त्रालय मातहतमा रहेका सबै सवारीसाधनमा जिपिएस जडान गर्ने, शुल्कसहितको नागरिक बडापत्र राख्ने, सरकारी अस्पतालमा काम गर्ने चिकित्सकको नाम देखिनेगरी राख्नेलगायत काम सुरु गरेको बताए ।

विश्व स्वास्थ्य संगठन नेपालका अधिकृत सुदन ज्ञवालीले विद्युतीय चिकित्सा अभिलेख प्रणालीमार्फत बिरामीको समय, खर्चको बचत हुनुका साथै परीक्षणमा हुने दोहोरोपनको अन्त्यका अतिरिक्त स्वास्थ्यसम्बन्धी नीति निर्माणमा एकीकृत तथ्यांक प्राप्त हुने बताए । यसबाट सेवा प्रवाह द्रुत, चुस्त र प्रभावकारी हुने उनको भनाइ छ । यो प्रणाली सुरु गर्नेमा गुल्मी अस्पताल लुम्बिनी प्रदेशमा पहिलो हो । पचास शय्या रहेको गुल्मी अस्पतालमा अर्घाखाँची, प्यूठान, बागलुङलगायत जिल्लाका नागरिकले सेवा लिँदै आइरहेका छन् । *रासस*

# लुम्बिनीमा प्रवज्या र अन्तर्राष्ट्रिय त्रिपिटक पाठ हुँदै

**लुम्बिनी (प्रस)-** बुद्ध जन्मस्थल लुम्बिनीमा प्रत्येक वर्ष हुने कुलपुत्र प्रवज्या (अल्पकालीन भिक्षु) कार्यक्रम र चौथौ लुम्बिनी अन्तर्राष्ट्रिय त्रिपिटक पाठ समारोह यही फागुन १४ गतेदेखि हुने भएको छ ।

अखिल नेपाल भिक्षु महासंघ, थाई भिक्षु महासंघ र लुम्बिनी विकास कोषको संयुक्त आयोजनामा यही फागनु १४ गतेदेखि चैत ३ गतेसम्म ५०० जनाको बृहत् श्रामणेर कुलपुत्र प्रवज्या (अल्पकालीन भिक्षु) हुने जनाइएको छ । यसैगरी अखिल नेपाल भिक्षु महासंघको आयोजनामा यही फागुन २० देखि २५ गतेसम्म चौथो लुम्बिनी अन्तर्राष्ट्रिय त्रिपिटक पाठ समारोह हुने छ ।

त्रिपिटक वाचन समारोहमा महास्थविर, भिक्षु भिक्षुणी, उपासक-उपासिकासहित अल्पकालीन श्रामणेरहरूको सहभागिता रहने आयोजकले जनाएको छ । उक्त चौथो अन्तर्राष्ट्रिय त्रिपिटक पाठमा सूत्रपिटक, विनयपिटक, अभिधर्मपिटकको देशना गरिने आयोजकको भनाइ छ ।

गत वर्षझैं यस वर्ष पनि दुई ठूला कार्यक्रम हुन लागेको लुम्बिनी विकास कोषका सदस्यसचिव सानुराजा शाक्यले जानकारी दिए । उनले फागुन १४ देखि चैत ३ गतेसम्म हुने कार्यक्रमबाट बुद्धका उपदेशहरूलाई व्यवहारिक रूपमा ग्रहण गर्न पाउने भएकाले यसबाट लाभ लिन आग्रह गरे ।

यसैगरी फागुन १४ गतेसम्म अल्पकालीन भिक्षु बन्न चाहनेहरूले नाम दर्ता गराउन सक्ने अखिल नेपाल भिक्षु महासंघले जनाएको छ । भिक्षु तेछ्यावरले ५०० जनाको प्रवज्या कुलपुत्रको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिए । भगवान् बुद्धको शिक्षा अनुशरण गर्ने पवित्र प्रवज्यामा सहभागी भएर लाभ लिन विशेषगरी स्थानीयलाई भिक्षु तेछ्यावरको आग्रह छ ।

बुद्धका उपदेशलाई व्यवहारमा पालना गर्न प्रवज्या कुलपुत्र कार्यक्रम राखिएको हो । यही फागनु २० गते प्रवज्या, २२ गते लुम्बिनी हलमा भिक्षाटन, २४ गते दीप प्रज्ज्वलन, चैत २ गते देवदह, बुटवल, रामग्रामसम्म धम्मयात्रा गराइ चैत ३ गते प्रमाणपत्र वितरण गरी समापन गर्ने गरी कार्यतालिका छ । प्रमाणपत्र वितरणपछि चैत ४ र ५ गते विभिन्न नगरमा भिक्षाटन गराइने आयोजकले जनाएका छन् ।

# मोतियाविन्दुका बिरामीको निःशुल्क शल्यक्रिया

**पर्वत (प्रस)-** लामो समयदेखि आँखाको रोग बल्झाएर बसेका यहाँका १५४ जनाको निःशुल्क आँखाको शल्यक्रिया गरिएको छ ।

आँखाको उपचारका लागि पोखरा, काठमाडौं जान नसक्ने बिरामीको समस्यालाई मध्यनजर गर्दै प्रदेश अस्पताल पर्वतमा सञ्चालन गरिएको तीनदिने शिविरमा मोतियाविन्दुका बिरामीको शल्यक्रिया गरिएको हो । गत माघ २९ देखि यही फागुन १ गतेसम्म गरी तीन दिनसम्म शिविर सञ्चालन गरिएको थियो ।

पर्वत सक्रिय लायन्स क्लबको आयोजना तथा रेज होप युकेको आर्थिक सहयोगमा तीनदिने शिविर सञ्चालन गरिएको हो । शिविर सञ्चालनका लागि हिमालय आँखा अस्पताल पोखरा, नेपाल नेत्रज्योति संघलगायतको प्राविधिक सहयोगसमेत रहेको थियो ।

यसअघि जिल्लाका आठ स्थानमा सञ्चालन गरिएको आँखा जाँच शिविरबाट पाँच हजारभन्दा बढीको आँखा परीक्षण गरिएको थियो । उनीहरूमध्येबाट १५४ जनाको मोतियाबिन्दुको शल्यक्रिया गर्नुपर्ने पहिचान गरिएको थियो । पहिचान भएका सबैलाई सदरमुकाम कुश्मामा रहेको प्रदेश अस्पतालमा बोलाएर निःशुल्क शल्यक्रिया गरिएको लायन्स क्लबका पूर्वडिस्ट्रिक्ट चिफ एडमिनिस्टर वसन्तकुमार कर्माचार्यले जानकारी दिए ।

दुई वर्षदेखि बीसौं वर्षसम्म आँखासम्बन्धी समस्या बल्झाएर बसेका ८६ वर्षको उमेरसम्मका वृद्धको शल्यक्रिया गरिएको उनले बताए । लामो समयदेखि आँखा नदेख्ने समस्या बोकेका वृद्धवृद्धाले नयाँ संसार देख्न पाएको भन्दै खुसी व्यक्त गरेका थिए । मोतियाबिन्दुका बिरामीको शल्यक्रियाका लागि कतिपय वडाले निःशुल्क सवारीसाधनको व्यवस्था गरेको थियो । जिल्लाका सातवटै स्थानीय तहमा यसअघि स्क्रिनिङ शिविर सञ्चालन गरिएको थियो ।

# भूमि बैंकमार्फत किसानलाई प्रोत्साहन गर्दै स्थानीय सरकार

■ रञ्जिता अधिकारी

**देउखुरी (दाङ)-** तुलसीपुर उपमहानगरपालिका-१५ का मदन चौधरीले व्यावसायिकरूपमा तरकारी खेती गर्दै आएका छन् । पालिकाबाट किसान परिचयपत्र पाएपछि उनलाई आफूले उत्पादन गरेको तरकारी बिक्रीमा कुनै समस्या छैन । सोही परिचयपत्र र तरकारी लिएर हरेक बिहान तुलसीपुर बजारमा तरकारी बिक्री गर्न जाने गर्छन् ।

विगतदेखि किसान सूचीकरणका लागि माग हुँदै आएकामा तीनवटै तहका सरकारबाट काम सुरु हुनु किसानका लागि सकारात्मक कार्य भएकामा उनी खुसी छन् । किसान सूचीकरण गरी परिचयपत्र वितरण गर्दा पालिकामा आउने अनुदानको सही प्रयोग हुने र सबै किसानले पाउने आशा जागेको उनको भनाइ छ ।

तुलसीपुर उपमहानगरपालिका-१५ की स्यानी थरुनीले १७ कट्ठा जमिनमा तरकारी खेती गरेकी छन् । किसान सूचीकरण भएसँगै उनले किसान परिचयपत्र लिएकी छन् । सोही परिचयपत्रबाट तरकारीका बीउ, मल र कृषियन्त्र पाएको उनले बताइन् । सात जनाको उनको परिवारको खर्च तरकारी खेतीबाटै चलेको छ । पालिकाबाट कीटनाशक औषधि र अन्य सेवा सुविधाका पाएको उनको भनाइ छ ।

दाङका स्थानीय तहमा किसानमुखी कार्यक्रम सञ्चालनमा आएका छन् । तुलसीपुर उपमहानगरपालिकाले किसान सूचीकरण सुरु गर्न थालेको छ । पालिकाले प्रारम्भिक चरणमा एक हजार घरधुरीबाट किसान सूचीकरण सुरु गर्न थालेको हो । कृषि शाखाका प्रमुख धनराज गौतमले किसान सूचीकरणबाट मात्रै किसान र गैरकिसानका बारेमा जानकारी हुने बताए । उपमहानगरपालिकाभित्र ४६ हजार घरधुरी रहेका छन् । संघीय सरकारले किसान सूचीकरणको काम सुरु गरेअनुसार उपमहानगरपालिकाले सुरु गरेको हो । वास्तविक किसानको यकीन तथ्यांक नहुँदा सरकारले दिँदै आएको अनुदानमा समस्या देखिएपछि तथ्यांक लिन सुरु भएको कृषि शाखाका प्रमुख गौतमले बताए ।

उनले वास्तविक किसानको तथ्यांक आएपछि राज्यले दिने अनुदानको सही सदुपयोग हुने र गैरकिसानले लाभ लिन नसक्ने बताए । शाखा प्रमुख गौतमका अनुसार सूचीकरणमा किसानले उत्पादन गरेका अन्नबाली, फलफूल तरकारी, दुग्धजन्य वस्तु र मासुको विवरण समावेश गरिने भएको छ । सूचीकरणपछि किसानलाई 'क्युआर कोड'सहित परिचयपत्र दिइएको छ । हालसम्म ७० जना किसानले किसान परिचयपत्र लिइसकेको उनले बताए ।



तुलसीपुर उपमहानगरपालिकाले किसानले उत्पादन गरेका कृषिजन्य वस्तुको बजार क्षेत्रमा बिक्री वितरणका लागि किसान परिचयपत्र वितरण गरेको छ । किसानले उत्पादन गरेका वस्तु बजार क्षेत्रमा बिहान ५ देखि ८ बजेसम्म परिचयपत्र राखेर बिक्री गर्ने गरेको कृषि शाखाका प्रमुख धनराज गौतमले जानकारी दिए ।

नगरप्रमुख टीकाराम खड्काले किसान सूचीकरणको सुरुआत गरिएको र पालिकाका १९ वटै वडामा गरिने बताए । उनले सूचीकरण तथ्यांक आएपछि अनुदानको मल, बीउ र किसानलाई प्रदान गरिने सेवा सुविधाका विषयमा योजना निर्माण गर्न सकिने बताए । नगरप्रमुख खड्काले संघ, प्रदेश सरकारसँग समन्वय गरेर दुई वर्षभित्रै सूचीकरणको काम सकिने बताए । उनले नगरभित्रका किसानलाई सूचीकरण गरेर पालिकाको सेवामा जोडिन आग्रह गरेका छन् ।

जिल्लामा राप्ती गाउँपालिकाले किसान सूचीकरणको काम सुरु गरेको छ । गाउँपालिकाले जग्गा भाडामा लिएर खेती गर्ने कृषकलाई अनुदान उपलब्ध गराउने भएको छ । चालु आर्थिक वर्ष २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रमअनुसार 'स्वरोजगारका लागि युवा लक्षित करार खेती' कार्यक्रम लागू गरिएको हो ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नेबबहादुर ओलीका अनुसार अनुदान लिन इच्छुक कृषकले आवश्यक कागजातसहित आवेदन दिन सक्ने छन् । यसका लागि करार खेती कार्यक्रम सञ्चालन कार्यविधि २०७९ संशोधन २०८० को परिच्छेद् ४ अनुसार अनुसूची २ मा आवेदन फाराम, अनुसूची ३ अनुसार कार्यक्रम प्रस्ताव, जग्गाधनी दर्ता प्रमाणपत्र, नागरिकताको प्रतिलिपि, भाडा सम्झौताको प्रतिलिपि, सार्वजनिक वा सरकारी जग्गाको हकमा सम्बन्धित निकायको अनुमतिपत्र र तीन वर्षको व्यावसायिक योजना अनिवार्य गरिएको छ ।

गाउँपालिकाका अनुसार कृषकले न्यूनतम् पाँच कट्ठादेखि अधिकतम् १०० कट्ठासम्म जग्गा भाडामा लिएर खेती गर्नुपर्ने छ । साथै, एकवर्षीय बालीको हकमा तीन वर्षको र बहुवर्षीय बालीका लागि १५ वर्षीय करार सम्झौता गर्नुपर्ने प्रावधान छ । कार्यक्रमअन्तर्गत नगदेबाली खेती गर्ने किसानलाई पहिलो प्राथमिकता दिइने छ । छनोट भएका किसानले पहिलो वर्ष सतप्रतिशत, दोस्रो वर्ष ५० प्रतिशत र तेस्रो वर्ष २५ प्रतिशतसम्म जग्गाको भाडा अनुदान पाउने छन् ।

गाउँपालिका अध्यक्ष प्रकाश विष्टले बेरोजगार युवालाई स्वदेशमै कृषिमार्फत रोजगार सिर्जना गर्दै पालिकालाई कृषिमा आत्मनिर्भर बनाउने उद्देश्यले कार्यक्रम लागू गरिएको बताए । यो कार्यक्रम आर्थिक वर्ष २०७९/८० देखि सञ्चालनमा ल्याइएको हो । हाल गाउँपालिकाका विभिन्न वडाका १७ जना कृषकले यस सुविधाबाट लाभ लिइरहेका छन् ।

लुम्बनी प्रदेश योजना आयोगका सदस्य डा. सुदन वलीले तथ्यांकविनाको कामले लक्ष्यमा पुग्न नसकिने बताए । किसानले जुन उद्देश्यले खेती गर्न थाले, त्यो उत्पादनलाई बजारसम्म पु¥याउन सकेनन् । बजारको दूरी कति छ ? बजारको माग कस्तो छ ? त्यसको बारेमा तथ्यांक विश्लेषण ल्याउन नसक्दा कार्यक्रम सफल हुन नसकेको उनको ठम्याइ छ ।

तथ्यांकलाई आधार मानेर काम गर्दा सम्भावना र अवसरलाई विश्लेषण गरेर काम अगाडि बढाउन सकिन्छ त्यसले प्रतिफल पनि दिन्छ । प्रदेश सरकाले अघिल्ला वर्षमा विनातथ्यांक कृषिका कार्यक्रम ल्याउँदा किसानलाई घाटा बेहोर्नुपरेको थियो । प्रदेश सरकारले बंगुरपालन प्रोत्साहन कार्यक्रम ल्यायो तर त्यसमा सफल हुन सकेन । जुन उद्देश्यले कार्यक्रम ल्याइएको हो, त्यसको प्रतिफल नआउँदा किसानको मिहेनत र राज्यको लगानी खेर गएको थियो ।

पछिल्लो समय बेरोजगारीको संख्या बढ्दै गएको छ । कृषिबाट आत्मनिर्भर गराउने लक्ष्य र उद्देश्यले काम गर्नका लागि प्रदेश सरकारले काम थालनी गरेको छ । डिल्लीबहादुर चौधरी मुख्यमन्त्री भएको समयमा लुम्बिनी प्रदेशका १२ वटै जिल्लाको कृषिको तथ्यांक लिएको र सबै स्थानीय सरकारलाई तथ्यांक लिन भनिएको छ, त्यसैको आधारमा वास्तविक किसानको पहिचान र खेतीयोग्य जमिनको पहिचान हुने छ । सोहीअनुसारको कृषि प्राणालीले प्रतिफल दिने उनको धारणा छ ।

घोराही उपमहानगरपालिका कृषि तथा पशुपक्षी शाखाले भूमि व्यवस्थापनका विषयमा छलफलमात्रै गरेको छ । घोराही उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ऋषिराम केसीले खेती गर्न चाहने किसानले जग्गा नपाउने तथा जग्गा भएकाले खेती गर्न नसकेको अवस्थामा भूमि बैंकले पुलको काम गर्ने बताए । उनले पालिकाभित्र खेतीयोग्य जमिन र खेती भएको जमिनकोमात्रै विवरण नभई बालीअनुसारको विवरण पनि तयार हुने भएकाले आवश्यकताअनुसार बाली प्रवर्द्धनमा पनि यो योजनाले सहयोग पुग्ने बताए । बगर संरक्षण, पाखो व्यवस्थित गर्न पनि यो कार्यक्रम प्रभावकारी हुने उनको भनाइ छ । *रासस*

# घुम्ती शिविरबाट सात हजार बढी लाभान्वित

**महोत्तरी (प्रस)-** मटिहानी नगर कार्यपालिकाको कार्यालयले गत माघ २३ गतेदेखि बिहीबारसम्म मटिहानीमा सञ्चालन गरेको एकीकृत घुम्ती सेवा शिविरबाट सात हजार ६९६ जनाले सेवा लिएका छन् ।

शिविरमा नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयबाट सम्पादन हुने सबै सेवा प्रवाह गरिएको थियो । शिविरमा सबैभन्दा बढी दुई हजार ५८७ जनाले सेवा लिएका थिए भने दुई हजार ५३० जनाले कृषि सेवा लिएका कार्यालयका प्रमुख प्रशासकीय अधिकृत चन्द्रशेखर शर्माले बताए ।

तीन वर्षयता नगर कार्यपालिकाको कार्यालयले बर्सेनि घुम्ती सेवा सञ्चालन गर्दै आएको छ । शिविरमा प्रतिनिधिसभा सदस्य तथा लोकतान्त्रिक समाजवादी पार्टीका राष्ट्रिय अध्यक्ष महन्थ ठाकुर, मधेस सरकारकी शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारी, प्रमुख जिल्ला अधिकारी लालबाबु कवारीले अनुगमन गरेका थिए ।


**साउदीमा रोजगार** कम्पनी : FACTORY WARAK ROLLE FOR PAPER PRODUCTS.

पूर्व स्वीकृति मिति : २०८१/११/०१ | LT. No. 318853 | चलानी नं. ६०२३३०१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 2 | 0 | 1200 | ४४,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन १० गते (22nd Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. Lic. No. 816/066/067

IMPERIAL OVERSEAS PVT. LTD.
Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-4485530, Mobile: 9818851067
Email: imperialovs2009@gmail.com,, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np

**साउदीमा रोजगार** कम्पनी : AMAN MAL FOUNDATION EST. FOR LOGISTIC SERVICES

पूर्व स्वीकृति मिति : २०८१/११/१४ | LT. No. 318887 | चलानी नं. ६०२३३००१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR FOR HOTEL HOUSEKEEPING | 4 | 0 | 1000 | ३६,८६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Office and Facilities Cleaning Worker | 5 | 44 | 1000 | ३६,८६७ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन १० गते (22nd Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREAT NEPAL H.R PVT.LTD.
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Mobile: 9705000446/9705000447
/9705000448/9705000449, E-mail : infogreatnepalhr@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081


## सामाजिक विकास कार्यालय

**धनगढी, कैलाली**

### E-Bidding मार्फत बोलपत्र आह्वान सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/११/०३**

यस कार्यालयको आ.व. २०८१/०८२ को कार्यक्रममा तपशिलका निर्माण कार्यहरू गर्नुपर्ने भएको हुँदा यो सूचना पेश गरिएको छ । विस्तृत जानकारीको लागि website: bolpatra.gov.np/egp हेर्न सकिनेछ ।

| S.N. | Contract Number | Description of Work | Total Cost Excluding Contingency, VAT & PS |
|---|---|---|---|
| 1 | SDO/Work/NCB/ 2081/82/25 | 2 Room Building construction at Jana Shewa Ma Vi lamkichuha-02 & Sambhusunanda Ma Vi Lamkichuha-06 | 6536657.27 |
| 2 | SDO/Work/NCB/ 2081/82/26 | First floor construction of Rastriya MA VI Lamkichuh 2621671.97 a-07 Kailali | 2621671.97 |
| 3 | DO/Work/NCB/ 2081/82/27 | 2 Room Building construction at janajagrit AA Vi Mo hanyal-07 & Janata AA VI Mohanyal -6 Kailali | 7154644.89 |
| 4 | SDO/Work/NCB/ 2081/82/28 | School Building Construction at Shanti MA VI Moha nyal-3 fallabisana kailali | 3600969.19 |
| 5 | SDO/Work/NCB/ 2081/82/29 | Construction of 2 room Building at Rastriya Ma Vi La 3845733.43 mkichuha-3 Balchaur Kailali | 845733.43 |


**कार्यालय प्रमुख**

## 'आउँदा जाँदा बानी परेछ' मा मुकुन र भावनाको रोमान्स

गायक राजन न्यौपानेको रहेको नयाँ गीत 'आउँदा जाँदा बानी परेछ' सार्वजनिक गरिएको छ। गीतमा शब्द, संगीत पनि गायक न्यौपानेकै छ। गीतको भिडियोमा अभिनेता मुकुन भुषाल, भावना उप्रेती र लिन ओली फिचर्ड छन्। सागर ज्ञवालीको निर्देशन रहेको भिडियोमा गाउँमा पहिलो पटक मोटर पुग्दाको परिवेश बुनिएको छ। राजीव समरले कोरियोग्राफी गरेको भिडियोको छायाँकन नारायण जिसीले र सम्पादन अमृत चापागाईंले गरेका हुन्।



## राजेन्द्रको निर्देशनमा 'कार्की साइँला' बनाउने घोषणा




■ प्रभाव संवाददाता

**काठमाडौं –** भ्यालेन्टाइन डेको अवसर पारेर फिल्म 'कार्की साइँला'को घोषणा गरिएको छ। कर्ण बहादुर फिल्मस् प्रालिको व्यानरमा निर्माण हुने फिल्ममा राजेन्द्र बस्नेतको निर्देशन रहनेछ। फिल्मका प्रस्तुतकर्ता कृष्ण भगत चाम्लिङ हुन्।

बालकुमार राई र श्याम मगर निर्माता रहेको फिल्मको पोस्टर शुक्रबार सार्वजनिक गर्दै फिल्म निर्माणको घोषणा गरिएको हो। पोस्टरमा पहाडी क्षेत्रमा भारी बोकेर ओरालो हिँड्दै गरेको एक भरियालाई प्रस्तुत गरिएको छ। पोस्टर हेर्दा फिल्मले ग्रामीण जीवनलाई देखाउने बुझ्न सकिन्छ।

निर्देशक राजेन्द्र बस्नेतले ग्रामीण भेगमा बस्ने भुइँ मान्छेको कथालाई फिल्ममा प्रस्तुत गरिने बताए। 'हाम्रो पात्र भरिया हुन्छ। उसले गाउँभरीका सबै मान्छेहरूलाई रिजाएर भारी बोकेर सबैको मनमा बसेर उसको जीविकोपार्जन गर्ने काम गर्छ', निर्देशक बस्नेतले भने।

फिल्ममा डम्बरबहादुर राईको छायांकन र कथा, अजित लामिछानेको पटकथा तथा संवाद, जीवनाथ गौतमको गीत हुनेछ। धनकुटाको सहिदभूमि गाउँपालिकाका विभिन्न स्थानमा छायांकन हुने फिल्मका लागि कलाकार छनोटको काम सुरु गरिएको निर्माण पक्षले जनाएको छ।

## मधेसको कथामा चलचित्र 'राजागञ्ज'

**धनुषाधाम (प्रस)–** चर्चित निर्देशक, लेखक तथा निर्माता दीपक रौनियारको नयाँ फिल्म 'राजागंज' आगामी चैत १ गतेदेखि प्रदर्शनको तयारीमा छ। प्रणय दिवसका अवसर पारेर चलचित्रका दुईवटा पोस्टर निर्माण पक्षले शुक्रबार सार्वजनिक गरेको छ। राजागंज निर्माण पक्षका अनुसार यो पहिलो नेपाली चलचित्र हो, जसमा मधेसको कथा, व्यथा र आन्दोलनलाई प्रमुख विषयवस्तु बनाइएको छ।

चलचित्रमा मधेसकै पात्रहरूको बाहूल्यता देखिन्छन्। प्रमुख पात्रहरूकै रूपमा इन्द्रकुमार मधेसानन्द र सरोज मास (सरोज मिश्र)ले अभिनय गरेका छन्। त्यसैगरी पत्रकार घनश्याम मिश्र र आरती मण्डलले पनि उक्त चलचित्रमा अभिनय गरेका छन्। नेपाल पत्रकार महासंघका निवर्तमान केन्द्रीय सदस्य रिंकु मिश्र एक नेतृको भूमिकामा चलचित्रमा देख्न पाइने जनाइएको छ। उनकी छोरी अतिथि प्रियाले पनि बाल कलाकारको रूपमा अभिनय गरेका छन्।

चलचित्रका प्रमुख पात्रका रूपमा चर्चित अभिनेता दयाहाङ राई, विजय बराल, रिचा शर्मा, पूर्वमिस नेपाल निकिता चण्डक, पशुपति राई तथा जनकपुरका ख्यातिप्राप्त रङ्गकर्मी मदन ठाकुर र परमेश्वर झाले समेत अभिनय गरेका छन्।

निर्देशक रौनियारले यसअघि 'सेतो सूर्य' र 'हाइवे' जस्ता चलचित्र निर्देशन गरिसकेका छन्। निर्देशक रौनियारका अनुसार यो चलचित्र मधेसको मात्र कथा नभएर सम्पूर्ण नेपाली समाजको ऐना हो। उनले भने, 'फिल्ममा हामीले मधेस आन्दोलनको पृष्ठभूमि मात्र होइन, त्यहाँका जनताको मनोविज्ञान, सांस्कृतिक विविधता र महिलाका चुनौतीलाई यथार्थपरक रूपमा प्रस्तुत गरेका छौं।'

निर्देशक रौनियारले यो फिल्म मधेस र पहाडबीचको पुल बन्ने विश्वास व्यक्त गरे। नेपाली चलचित्रमा महिलालाई जहिल्यै सहायक पात्रमा देखाइने परिपाटी तोड्दै, मुख्य भूमिकामा प्रस्तुत गरिएको छ। अभिनेत्री रिचा शर्माले सामाजिक सञ्जालमा सार्वजनिक एक भिडियोमा भनेका छन्, 'यो त 'राजागंज' नभएर 'रानीगंज' हुनुपर्ने हो।'

## 'दुःखी आत्मा' र 'रंगी' हलमा







■ प्रभाव संवाददाता

**काठमाडौं –** शुक्रबारदेखि दिपेन्द्र लामाको निर्देशन रहेको 'दुःखी आत्मा' र सुरेश न्यौपानेको डेब्यु निर्देशन रहेको 'रंगी' चलचित्र एक साथ प्रदर्शनमा आएका छन्। फरक जनरा रहेको दुई चलचित्र एक साथ रिलिज हुँदा दर्शक भाँडिने चिन्ता निर्माता निर्देशकलाई परेको छ।

दयाहाङ राई र आँचल शर्माको मुख्य भूमिका रहेको 'दुःखी आत्मा' यौन मनोविज्ञानमा आधारित चलचित्र हो। जसमा पुरुष पात्रमा दमित यौन कुण्ठालाई निर्देशक लामाले देखाउने प्रयत्न गरेका छन्।

फिल्ममा दयाहाङ र आँचलको अलवा अनुप विक्रम शाही, बुद्धि तामाङ, रेयर राई, पुष्कर गुरुङ, कविता आले, आरती आचार्य, लोकेन्द्र लेखक, आशान्त शर्मा, दिया मास्के, लुनिभा तुलाधर लगायतका कलाकारको अभिनय छ।

क्लक वर्क क्रियशनको ब्यानरमा निर्माण भएको यो फिल्मले यौनमा कमजोर रहेको एक पुरुषको कथा भन्छ। फिल्मले रमाइलो तरिकाले गम्भीर विषयवस्तु यौन शिक्षा उठान गरेको छ।

अर्कोतर्फ अभिनेता सलोन बस्नेतले पूर्वमिस नेपाल नम्रता श्रेष्ठलाई लिएर बनाएको 'रंगी' चलचित्र सामाजिक पारिवारिक विषयवस्तुमा आधारित रहेको छ। चलचित्रमा बाबु-छोरीको प्रेम, करुणा, स्नेह, जिम्मेवारी र समर्पणलाई देखाइएको छ।

सलोन बस्नेत र नम्रता श्रेष्ठको मुख्य भूमिका रहेको फिल्म 'रंगी' बाबु र छोरीको भावनात्मक कथामा निर्माण भएको हो। फिल्म अभिनेता सलोन बस्नेतले नै बनाएका हुन्।

सान्भी इन्टरटेनमेन्ट प्रालिको ब्यानरमा निर्माण भएको फिल्म सुरेश न्यौपानेले निर्देशन गरेका हुन्। सुरेशको यो निर्देशनमा डेब्यु फिल्म हो। सक्षम सुवेदी, करिश्मा केसी बस्नेत र अनीश गौतम निर्माता रहेको फिल्ममा सलोन र नम्रताको अलवा मलिका महत, दिलीप रायमाझी, आयुषी ढकाल, उत्तम केसी, सुमिन गुरुङ र विशाल पहारीको अभिनय छ।

सुमन गजमेरको लेखन, सौरभ लामाको छायांकन, दुर्गेश थापा, आमेश भण्डारी र भीम बिसीको संगीत रहेको फिल्म एप्पल इन्टरटेनमेन्ट, एफडी र रिच इन्टरटेनमेन्टले मिलेर वितरण गरेको हो।

'दुःखी आत्मा' र 'रंगी' दुवै चलचित्रको टिजर र ट्रेलरलाई दर्शकहरूले अत्यधिक रुचाएका छन्। त्यसैले पनि दुवै चलचित्रले राम्रो व्यापार गर्ने अनुमान गरिएको छ। यद्यपि ठूला स्टारकास्ट र ब्यानर भएकाले दिपेन्द्र लामाको निर्देशन रहेको 'दुःखी आत्मा' ले धेरै सोज पाएको छ। 'रंगी' चलचित्रले 'दुःखी आत्मा' को भन्दा आधा मात्र सो पाएको छ।



## तेस्रो हिसान गण्डकी फुटसल फागुन ४ देखि



■ प्रभाव संवाददाता

**पोखरा–** उच्च शिक्षालय तथा माध्यमिक शिक्षालय संघ (हिसान) गण्डकीको आयोजनामा हुने तेस्रो प्रदेशस्तरीय हिसान प्लस टु तथा कलेज फुटसल प्रतियोगिता फागुन ४ गते देखी शुरु हुने भएको छ। प्रतियोगिताको शुक्रबार खेलतालिका सार्वजनीक भएको छ।

फागुन ४ देखी ७ गते सम्म सञ्चालन हुने प्रतियोगितामा विद्यालय तर्फ १३ विद्यालयले भाग लिएका छन् भने क्याम्पस तर्फ ९ क्याम्पसले सहभागीता जनाएका छन्। प्रतियोगिताको विजेता टोली नगद १ लाख मेडल, ट्रफि र प्रमाणपत्र प्राप्त गर्ने छन्।

त्यसै गरी दोस्रो हुने टोलीले नगद ५० हजार मेडल, ट्रफि र प्रमाणपत्र प्राप्त गर्ने हिसान गण्डकी प्रदेशका अध्यक्ष डा. रामजी शर्माले जानकारी दिए। उनले कलेज तर्फको बिजेताले नगद २० हजार र दोस्रो हुने टिमले नगद १० हजार मेडल, ट्रफि र प्रमाणपत्र प्राप्त गर्ने छ।

प्रदेशस्तरीय फुटसल प्रतियोगितामा कास्कीका १० विद्यालय, बाग्लुङका २ तनहुँको एउटा विद्यालय गरी १३ विद्यालयले प्रतिप्रर्धा गर्ने छन्। उनले प्रतियोगिता सम्पन्न गर्न करिब १० लाख खर्च लाग्ने बताए। प्रतियोगिताको प्रथम पुरस्कार युआरएलले प्रायोजन गरेको छ भने दोस्रो पुरस्कार हिसान कास्कीले प्रायोजन गरेको छ।

प्रतियोगितामा हिसानमा आवद्ध विद्यालयहरूलाई सहभागीता रहेको र खेल जित्नुमात्रै नभएर फुटबल विकासका लागि प्रतियोगिता गरेको आयोजना गरेको हिसानका उपाध्यक्ष बाबुराम पन्तले बताए। उनले गण्डकी प्रदेशका विद्यालय तथा कलेज पढाइमा मात्रै नभएर खेलकुदमा पनि अब्बल रहेको प्रतियोगिताले देखाउने बताए।

प्रतियोगिताको व्यवस्थापन सबिन मेमोरीयल फुटबल क्बलले गर्दै आएको छ। सविन मेमोरियल क्बल राष्ट्रिय फुटसल लिगको ए डिभिजन क्लब हो। कार्यक्रममा हिसान गण्डकीका कोषाध्यक्ष टुकराज बास्तोला, सचिब डिल्लिराम अधिकारी लगाएतले फुटबल विकासमा प्रतियोगिता फलदायी हुने बताए।

**आहा ! पोखरा गोल्डकप**

## उपाधिका लागि आज पुलिस र ब्ल्याक बुल्स भिड्दै

■ प्रभाव संवाददाता




**कास्की–** राजधानी बाहिरको पुरानो र प्रतिष्ठित फुटबल प्रतियोगिताका रूपमा आहा ! रारा पोखरा गोल्डकप मानिन्छ। विसं २०५८ मा पहिलोपटक क्याराभान गोल्डकपबाट सुरु भएको प्रतियोगिता अहिले २४औं संस्करणसम्म आइपुगेको छ।

सुरुआतदेखि हालसम्म आउँदा थुप्रै प्रतिकूलतामा पनि प्रतियोगिता कुनै वर्षमा रोकिएन। सबै खालका अप्ठ्याराहरूसँग जुध्दै आएकाले आहा रारा गोल्डकप फुटबल प्रेमीहरूका माझ लोकप्रिय छ।

यस वर्षको २४औं संस्करणको फाइनलमा विभागीय नेपाल पुलिस क्लब र विदेशी टोली उज्वेकिस्तानको ब्ल्याक बुल्स एफसी आज (शनिबार) भिड्दैछन्। पोखरा रङ्गशालाको १६ हजार दर्शक अटाउने खेलाडी रङ्गशालामा उत्रिँदा दुवै टोली खेल जितेर इतिहास बनाउने उद्देश्यमा छन्।

आहा राराको सर्वाधिक सफल टोली हो पुलिस क्लब। पुलिसले क्याराभान गोल्डकपदेखि हालसम्म छ पटक उपाधि चुमेको छ। पुलिस सातौँपटक च्याम्पियन बनेर इतिहास रच्ने दाउमा हुनेछ। पुलिसले विसं २०५८ मा क्याराभान गोल्डकप जितेको थियो। त्यसपछि विसं २०५९, २०६४, २०६५, २०६६ र विसं २०७४ मा आहा राराको उपाधि उचाल्यो।

पाहुना टोली उज्वेकिस्तानको ब्ल्याक बुल्स पनि पहिलो सहभागितामा उपाधि जितेर घर फर्कन चाहन्छ। आफ्ना दुई खेल फराकिलो अन्तरले जितेकाले टोली फाइनलका लागि उत्साहित छ।

नेपालमा पहिलोपटक फुटबल खेल्न आएको उज्वेकिस्तानी टोली शारीरिक र टेक्निकल दुवै हिसाबले उत्कृष्ट छ। यसअघिका दुई खेलमा उज्वेकिस्तानी टोलीले कुनै गोल नखाइकन सात गोल गरेको छ। पाहुना टोलीलाई रोक्नुपर्ने चुनौती पुलिससामु छ। पुलिसको टिमले समेत यसपटक अहिलेसम्म गोल खाएको छैन।

फाइनलका लागि दुवै टोली एकअर्काप्रति सचेत छन्। दुवैले एकअर्काको खेललाई सम्मानसमेत गरेका छन्। फाइनल खेलअघिको पत्रकार सम्मेलनमा दुवै टोलीका प्रशिक्षक र कप्तानले फाइनल खेल रोचक हुने बताए। उत्कृष्ट फुटबल खेलेर फाइनल खेल रोमाञ्चक हुने उनीहरूको भनाइ छ। दुवैको दाबी उपाधि चुम्ने छ।

नेपाल पुलिस क्लबका प्रशिक्षक चेतन घिमिरेले फाइनलका लागि खेलाडीहरू मानसिक रूपमा तयार रहेको बताएका छन्। उनले टोली उपाधि जितेर इतिहास बनाउने बताउँछन्। 'पुलिस टिम ऐतिहासिक छ, हामीले अर्को इतिहास कोर्न बाँकी छ। उपाधि जित्छौं भन्नेमा मानसिक रूपमा तयार छौं', प्रशिक्षक घिमिरेले भने।

विपक्षी टोलीको खेल्ने शैली र शारीरिक प्रदर्शन समेत राम्रो रहेको भन्दै प्रशिक्षक घिमिरेले जारी प्रतियोगितामा तीनवटा खेल जितेकाले खेलाडी उत्साहित रहेका बताए।

पाहुना टोली ब्ल्याक बुल्सका प्रशिक्षक अब्दुलाजितले उपाधि जित्ने गरी खेल्ने बताएका छन्। फाइनल खेलमा दुवैको उत्तिकै सम्भावना रहने भन्दै उनले पुलिसको 'टिम स्पिरिट' र 'फाष्ट गेम' प्रशंसायोग्य रहेको उल्लेख गरे। उनले भने, 'फाइनल खेलमा दुवै टिमको ५०-५० सम्भावना हुन्छ। हामी जित्नका लागि मैदानमा उत्रिने छौं, उपाधि जितेर फर्कन चाहन्छौं।'

पुलिसका कप्तान राम वाजीले टोलीमा धेरै युवा खेलाडी रहेको र उपाधि जित्नका लागि सतप्रतिशत मेहनत गर्ने उल्लेख गरे। 'पुलिस टिममा अहिले धेरै नयाँ भाइहरू रहेका छन्। पहिलाजस्तो स्टार खेलाडी छैनन्। तर हामीले मैदानमा सकेको दिनेछौं', उनले भने। प्रतियोगितामा पुलिसले प्रि-क्वाटरफाइनल खेलमा आयोजक सहारा क्लब पोखरालाई १-० ले पराजित गरेको थियो। क्वाटरफाइनलमा ब्रिगेड ब्वाइज क्लब युकेलाई २-० र सेमिफाइनलमा चर्च ब्वाइज युनाइटेड क्लबलाई १-० गोलअन्तरले हराउँदै फाइनलमा स्थान बनायो।

पाहुना टोली ब्ल्याक बुल्सले क्वाटरफाइनलमा भारत सिक्किमको थन्डरबोल्ट नर्थ युनाइटेडलाई ३-० र सेमिफाइनलमा नेपालको थ्रीस्टार क्लबलाई ४-० को फराकिलो अन्तरले हराएको थियो।

सहारा क्लब पोखराको आयोजनामा भइरहेको प्रतियोगिताको विजेताले नगद रु १२ लाखसहित शिल्ड, मेडल र प्रमाणपत्र पुरस्कार प्राप्त गर्दा उपविजेताले रु छ लाखसहित शिल्ड, मेडल र प्रमाणपत्र पुरस्कार पाउनेछन्। यसैगरी प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले स्कुटर पुरस्कार प्रदान गरिने छ। प्रतियोगितामा विधागत रूपमा सर्वाधिक गोलकर्ता, उत्कृष्ट डिफेन्डर, गोलरक्षक, मिडफिल्डर, स्ट्राइकर र प्रशिक्षकले जनही रु २५ हजार नगद सगै ट्रफी पुरस्कार पाउने छन्।

# ट्रम्पद्वारा भारतलाई उच्चस्तरीय लडाकु जेट र व्यापार सम्झौता प्रस्ताव

**वासिङ्टन-** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार भारतलाई अत्याधुनिक लडाकु जेटहरू बिक्री गर्ने प्रस्ताव गरेका छन् । साथै ट्रम्प र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले विश्वका धेरैजसो क्षेत्रमा नयाँ अमेरिकी प्रशासनको दण्डात्मक दृष्टिकोणलाई अस्वीकार गर्ने बन्धनलाई पुनर्जीवित गर्दै व्यापार बढाउने वाचा गरेका छन् ।



ट्रम्पको पुनरागमनपछि ह्वाइट हाउस भ्रमण गर्ने चौथो विश्व नेता मोदीले समान विचारधाराका ट्रम्पलाई मित्रका रूपमा वर्णन गरे र उनको 'मेक अमेरिका ग्रेट अगेन' नारालाई अपनाइरहेको बताए ।

ट्रम्पले मोदी र भारतसँग 'विशेष सम्बन्ध' पाएको बताए र असामान्य तर व्यंग्यात्मक विनम्रता प्रदर्शन गर्दै मोदीलाई आफूभन्दा 'धेरै कडा वार्ताकार' भएकामा प्रशंसा गरे । लगातारका अमेरिकी प्रशासनहरूले बढ्दो चीनको सन्दर्भमा भारतलाई समान विचारधारा भएको प्रमुख साझेदारका रूपमा हेरेका छन् र ट्रम्पले नयाँ प्रशासन अमेरिकी सैन्य पुरस्कारहरूमध्ये एक एफ-३५ लडाकु जेटहरू बिक्री गर्न तयार रहेको घोषणा गरे ।

'यस वर्षदेखि हामी भारतलाई सैन्य बिक्री धेरै अर्ब डलरले बढाउँदै छौं,' ट्रम्पले मोदीसँगको संयुक्त पत्रकार सम्मेलनमा भने, 'हामी अन्ततः भारतलाई एफ-३५ स्टेल्थ लडाकु जेटहरू प्रदान गर्ने बाटो पनि खोल्दै छौं ।'

भारत नाटो सहयोगी इजरायल र जापानसहितका विशिष्ट देशहरूको समूहमा सामेल हुने छ जसलाई सुपरसोनिक गतिमा पत्ता नलाग्नेगरी सञ्चालन गर्नसक्ने एफ-३५ किन्न अनुमति दिइने छ । आफ्ना पूर्ववर्ती जो बाइडेनको प्रयासलाई निरन्तरता दिँदै ट्रम्पले दुई देशले बन्दरगाह, रेलमार्ग र पानीमुनिको केबलमा लगानी गरेर 'सम्पूर्ण इतिहासकै सबैभन्दा महान व्यापार मार्गहरूमध्ये एक' निर्माण गर्ने योजना बनाएको बताए । यो भारतदेखि इजरायल हुँदै युरोप र त्यसभन्दा पर चल्ने छ ।

**जोखिमपूर्ण भन्सार**

ट्रम्पले आर्थिक मामिलामा मित्र र शत्रु दुवैसँग द्वन्द्व गरेका छन् । भेट हुनुभन्दा केही घन्टाअघि ट्रम्पले भारतसहित सबै देशहरूमा पारस्परिक शुल्कको घोषणा गरे । मोदीको साथमा बोल्दै ट्रम्पले भारतको 'अनुचित, धेरै कडा भन्सार' लाई 'ठूलो समस्या' भने तर दुई देशले भारतको पक्षमा रहेको व्यापार घाटा कम गर्न वार्ता गर्ने बताए ।

मोदीले विश्वको सबैभन्दा ठूलो र पाँचौं ठूलो देशले तेल र ग्यासमा केन्द्रित 'पारस्परिक लाभदायक व्यापार सम्झौता' मा काम गर्ने र यो 'चाँडै नै' सम्पन्न हुने बताए । ट्रम्पको मोदीसँगको बैठकमा स्पेसएक्स र टेस्लाका उद्योगपति एलन मस्क पनि सामेल थिए । मस्कले ट्रम्पको दाहिने हातको रूपमा अमेरिकी कर्मचारीतन्त्र सुधार गर्न आक्रामक प्रयास सुरु गरेका छन् ।

मोदीले मस्कसँग एकान्त बैठक पनि गरे । यसले विश्वका सबैभन्दा धनी व्यक्ति भारतीय नेतासँग आधिकारिक वा व्यावसायिक क्षमतामा भेटिरहेका थिए भन्ने प्रश्न उठायो ।

भारतीय प्रधानमन्त्रीले केही बालबालिका र अर्कातिर भारतीय अधिकारीहरूसँग मुस्कुराइरहेका मस्कसँग हात मिलाउँदै गरेका तस्बिर पोस्ट गरे । मस्कको स्वामित्वमा रहेको सामाजिक सञ्जाल प्लेटफर्म एक्सका प्रभावशाली प्रयोगकर्ता मोदीले पछि आफूले मस्कलाई प्रधानमन्त्री बन्नु पहिले नै चिनेको बताए ।

**ट्रम्पलाई सम्मान**

मोदीले आफ्नो भ्रमणअघि नयाँदिल्लीले उच्चस्तरीय मोटरसाइकलहरूमा शुल्क कटौती गर्दै द्रुत भन्सार छुट प्रस्ताव गरेका थिए । यो प्रतिष्ठित अमेरिकी निर्माता हार्ले-डेभिडसनका लागि फाइदाजनक छ । हार्ले-डेभिडसनको भारतमा संघर्षले ट्रम्पको असन्तुष्टि बढेको छ ।

भारतले गत हप्ता ट्रम्पको आप्रवासन कडाइको हिस्साका रूपमा १०० जना साङ्लाले बाँधिएका आप्रवासीहरू बोकेको अमेरिकी सैन्य उडानलाई पनि स्वीकार गरेको छ । यो व्यवहारले भारतीय विपक्षीबाट विरोध निम्त्यायो । विपक्षीले मोदीमाथि ट्रम्पलाई खुसी पार्न नागरिकहरूको गरिमाको बलिदान गरेको आरोप लगाएको छ ।

पत्रकार सम्मेलनमा मोदीले कागजातविहीन भारतीयहरूलाई मानव बेचबिखनकर्ताहरूले प्रलोभन दिइरहेको भन्दै सहयोग गर्ने वाचा गरे । 'अमेरिकामा अवैधरूपमा रहेका कुनै पनि प्रमाणित भारतीयहरूलाई हामी भारत फिर्ता लैजान पूर्णरूपमा तयार छौं,' उनले भने ।

ट्रम्पले बदलामा संयुक्त राज्य अमेरिकाले सन् २००८ को रक्तपातपूर्ण मुम्बई आक्रमणको एक शंकास्पद व्यक्तिलाई भारत प्रत्यर्पण गर्ने घोषणा गरे । ट्रम्पले ती व्यक्तिलाई 'संसारका अति दुष्ट मानिसहरूमध्ये एक' भने ।

सिकागोमा रहेका पाकिस्तानी मूलका क्यानाडाली नागरिक तहव्वुर हुसेन राणालाई सन् २०११ मा दोषी ठहर गरिएको थियो र पछि १३ वर्षको जेल सजाय सुनाइएको थियो । अमेरिकी सर्वोच्च अदालतमा उनको अपिल खारेज भएपछि उनको प्रत्यर्पण अपेक्षित थियो ।

मोदी र ट्रम्प दुवैमा धेरै समानता छन् । दुवैले अल्पसंख्यकभन्दा बढी बहुसंख्यक समुदायलाई बढावा दिने वाचा गरेका छन् र दुवैले असहमतिलाई कडाइका साथ खारेज गरेका छन् । मोदीले आफ्नो पहिलो कार्यकालमा दृढतापूर्वक ट्रम्पलाई खुसी पारेका थिए । सन् २०२० फेब्रुअरीमा मोदीले ट्रम्पलाई आफ्नो गृहराज्य गुजरातमा विश्वको सबैभन्दा ठूलो क्रिकेट स्टेडियमको उद्घाटन गर्न एक लाखभन्दा बढी मानिसको हर्षोल्लासपूर्ण भीडसमक्ष आमन्त्रण गरेका थिए ।

ट्रम्पले यस वर्षको अन्त्यतिर अस्ट्रेलिया, भारत, जापान र संयुक्त राज्य अमेरिकाको चार पक्षीय समूह क्वाडको निर्धारित शिखर सम्मेलनका लागि भारत भ्रमण गर्ने सम्भावना छ । *रासस⁄एएफपी*

# एडिडासलाई १५ हजार डलर जरिवाना

**इस्तानबुल-** टर्कीले जर्मनीको खेल उपकरण कम्पनी एडिडासको एउटा प्रमुख जुत्ताको मोडलमा सुँगुरको छाला भएको जानकारी नदिएको भन्दै १५ हजार अमेरिकी डलरभन्दा बढी जरिवाना गरेको छ ।

मुस्लिम बहुल देशको विज्ञापन नियामकले एडिडासले हालैका वर्षहरूमा मोडेल केन्डल जेनर र बेला हदीदले प्रयोग गरेको 'साम्बा ओजी' जुत्तामा सुँगुरको छाला प्रयोग भएको तर 'अन्य छाला'बाट बनाइएको भनी वर्णन गरेकोमा आलोचना गर्दै जरिवाना तोकेको हो ।

एडिडासलाई लेखेको र एएफपीलाई जानकारीका लागि प्राप्त रिपोर्ट (पत्रमा) भनिएको छ, 'विज्ञापन र उत्पादन विवरणमा बहुसंख्यक समाजको धार्मिक संवेदनशीलताविपरीत सामग्रीको प्रयोग स्पष्ट रूपमा उल्लेख गरिनुपर्छ ।' नियामकले जवाफमा पाँच लाख ५० हजार ५९ लिरा (१५ हजार २०० अमेरिकी डलर) जरिवाना लगाएको थियो ।

एडिडासलाई एएफपीले प्रतिक्रियाका लागि सम्पर्क गर्दा तत्काल कुनै प्रतिक्रिया दिएन । सन् २०२० मा टर्कीको प्रेसिडेन्सी अफ रिलिजियस अफेयर्सले जुत्ता वा लुगा बनाउँदा 'सुँगुरको छाला वा रौं को प्रयोग गर्न प्रतिबन्ध लगाएको थियो । 'सुँगुरको छालालाई ट्यानिङ वा यस्तै प्रक्रियाहरूद्वारा शुद्ध बनाउन सकिँदैन भन्ने लगभग सबै मुस्लिम विद्वानहरूको मत रहेको छ,' विज्ञप्तिमा भनिएको छ । *रासस⁄एएफपी*

# दक्षिणपश्चिम पाकिस्तानमा बम विष्फोट हुँदा १० मजदुरको मृत्यु

**क्वेटा (पाकिस्तान)-** दक्षिण पश्चिम पाकिस्तानमा शुक्रबार इम्प्रोभाइज्ड एक्सप्लोसिभ डिभाइस (आइइडी) बाट भएको विष्फोटमा १० जना मजदुरको मृत्यु भएको एक अधिकारीले बताएका छन् । विपन्न बलुचिस्तानमा सुरक्षा बलहरूले पृथकतावादी समूहहरूसँग दशकौंदेखि विद्रोहको सामना गरिरहेका छन् । सीमावर्ती क्षेत्रहरूमा विगत तीन वर्षमा हिंसा बढेको छ ।



शुक्रबार मजदुरहरूको एक समूह हर्नाई जिल्लाको बजारतर्फ जाँदै गर्दा विष्फोटको चपेटामा परेको स्थानीय सरकारी अधिकारी सलिम तारीनले बताए । उनले 'आइइडी विष्फोट' भएको बताए । 'हर्नाई जिल्लामा भएको आक्रमणमा १० खानी मजदुरको मृत्यु भयो,' अर्का वरिष्ठ सरकारी अधिकारी शहजाद जहरीले भने ।

हर्नाई दक्षिणपश्चिम पाकिस्तानको बलुचिस्तान प्रान्तको राजधानी क्वेटाबाट १६० किलोमिटरभन्दा टाढा छ । एक वक्तव्यमा प्रधानमन्त्री शाहबाज सरिफले 'देशबाट आतंकवादको खतरालाई उन्मूलन गर्न सक्रियरूपमा काम गर्ने' आफ्नो प्रतिबद्धता दोहोऱ्याए । कुनै पनि समूहले आक्रमणको दावी गरेको छैन । यद्यपि बलुच लिबरेसन आर्मी (बिएलए) यस क्षेत्रको सबैभन्दा सक्रिय समूह हो र प्रायः यो समूहले सुरक्षा बल वा अन्य प्रान्तका पाकिस्तानीहरू विरुद्ध घातक आक्रमण गर्दछ ।

बाहिरीहरूले पाकिस्तानको सबैभन्दा गरिब भागका बासिन्दाहरूलाई बाहिर राख्दै स्रोत-समृद्ध क्षेत्रको शोषण गरेको आरोप लगाउँदै समूहले विशेषगरी चीनबाट विदेशी लगानीका ऊर्जा परियोजनाहरूलाई लक्षित गरेको छ । यस महिनाको सुरुमा बलुचिस्तानको एक सहरमा सैनिक बोकेको सवारीसाधनमाथि सडक अवरुद्ध गरेका ७० देखि ८० आक्रमणकारीले गोली प्रहार गरेका थिए ।

जनवरीमा भएको अर्को आक्रमणमा पाकिस्तानी अर्धसैनिक बलसहित कम्तीमा छ जनाका मृत्यु भएको थियो भने दर्जनौं घाइते भएका थिए । दुवै आक्रमणको दाबी बिएलएले गरेको थियो । विश्लेषकहरूका अनुसार गत वर्ष यस क्षेत्रमा भएका सबैभन्दा घातक आक्रमणहरूमध्ये एकमा बिएलए पृथकतावादी लडाकुहरूले जातीय पञ्जाबीहरूलाई लक्षित गरी 'समन्वित' आक्रमणहरूमा कम्तीमा ३९ जनाको हत्या गरेका थिए ।

सन् २०२१ मा काबुलमा अफगान तालिबान सत्तामा फर्केपछि पाकिस्तानको सीमावर्ती क्षेत्रहरूमा हिंसा बढेको छ । पाकिस्तानले तालिबान सरकारलाई अफगान भूमिबाट आक्रमण गर्ने आतंकवादीहरूलाई नष्ट गर्न असफल भएको आरोप लगाएको छ । उक्त आरोपलाई अफगानिस्तानले अस्वीकार गरेको छ ।

इस्लामावादस्थित विश्लेषण समूह सेन्टर फर रिसर्च एन्ड सेक्युरिटी स्टडिजका अनुसार गत वर्ष पाकिस्तानका लागि एक दशकमा सबैभन्दा घातक थियो । उक्त वर्ष प्रहरी वा सुरक्षा बलका ६८५ सदस्यसहित एक हजार ५०० भन्दा बढी मानिस मारिएका थिए । *रासस⁄एएफपी*

# जापानले आपत्कालीन चामल भण्डार जारी गर्ने

**टोकियो-** जापान सरकारले शुक्रबार बढ्दो मूल्यको प्रतिक्रियामा आपत्कालीन प्रयोगका लागि सुरक्षित राखिएको चामलको भण्डार जारी गर्ने बताएको छ । चामल राष्ट्रको प्रिय मुख्य खाद्यान्न हो ।

सरकारले विगतमा ठूला भूकम्प जस्ता आपत्कालीन अवस्थामा आफ्नो चामल भण्डार प्रयोग गरेको थियो तर वितरणमा अवरोधका कारण यसो गर्ने यो पहिलोपटक हुने छ । सन् २०२३ मा अत्यधिक गर्मी मौसमले निम्त्याएको अभावले मागलाई अत्यधिक बढाएपछि गत गर्मीमा चामलको मूल्य बढेको थियो र त्यसपछि निरन्तर बढ्दै गएको छ ।

जलवायु परिवर्तनले निम्त्याएको अत्यधिक गर्मी लहरले विश्वका धेरै भागलाई घेरेको बेला जापानले सन् २०२४ मा रेकर्ड गरिएको सबैभन्दा तातो वर्षको सामना गर्दै निरन्तर उच्च तापक्रमको सामना गरिरहेको छ । कृषिमन्त्री टाकु इटोले पत्रकारहरूलाई सरकारले आफ्नो १० लाख टन भण्डारबाट दुई लाख १० हजार टन चामल जारी गर्ने बताए । 'हामी जसरी पनि वितरणको स्थिर अवस्थालाई सुधार गर्न चाहन्छौं,' उनले भने ।

सरकारले शरद ऋतुमा नयाँ फसलको चामल बजारमा आएपछि मूल्य स्थिर हुने आशा गरेको थियो तर वृद्धि जारी रह्यो । सरकारी सर्वेक्षणअनुसार फेब्रुअरीमा पाँच किलोग्रामको थैलाको पछिल्लो औसत खुद्रा मूल्य तीन हजार ६८८ येन (२४ डलर) थियो । यो गत वर्षको दुई हजार २३ येनबाट बढेको हो ।

एक अभूतपूर्व कदममा कृषि मन्त्रालयले गत महिना नयाँ नियमअन्तर्गत सरकारको चामल भण्डारको बिक्रीलाई अनुमति दिने निर्णय गरेको थियो । पहिले भण्डार गरिएको चामल गम्भीर बाली असफल भएमा वा विपत्तिको अवस्थामा मात्र जारी गर्न सकिन्थ्यो तर नियमहरूमा परिवर्तनले चामल वितरण स्थिर मानिएको बेला जारी गर्न अनुमति दिन्छ ।

मन्त्रालयले एक वर्षभित्र वितरकहरूबाट त्यही परिमाणको चामल फिर्ता खरिद गर्नुपर्छ । दुई वर्षअघि चामलको ठूलो बाली असफल भएपछि किनमेलकर्ताहरू यो मुख्य खाद्यान्न किन्न हतारिएपछि सरकारले सन् १९९५ मा चामल भण्डारण गर्न कानुन लागू गरेको थियो । *रासस⁄एएफपी*

# ट्रम्पको टिप्पणीपछि अमेरिकाले सैन्य कटौतीमा नेतृत्व लिनुपर्छ : **चीन**

**बेइजिङ-** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुस र चीनसँग सैन्य खर्च कटौती विषयमा वार्ता गर्न चाहेको टिप्पणी गरेपछि बेइजिङले शुक्रबार अमेरिकाले यस कार्यमा नेतृत्व लिनुपर्ने बताएको छ ।

विश्वव्यापी शान्ति निर्माताका रूपमा आफ्नो दोस्रो कार्यकालमा आफूलाई प्रस्तुत गरेका ट्रम्पले आफ्ना समकक्षी भ्लादिमिर पुटिन र सी चिनफिङसँग 'परिस्थिति शान्त हुँदा' शिखर सम्मेलन गर्न चाहेको बताए । 'म भन्न चाहन्छु, हाम्रो सैन्य बजेट आधा कटौती गरौं,' उनले बिहीबार ओभल कार्यालयमा पत्रकारहरूलाई भने ।

शुक्रबार यो प्रस्तावबारे सोधिएको प्रश्नको जवाफमा चिनियाँ विदेश मन्त्रालयले अमेरिकासँग विश्वको सबैभन्दा ठूलो सैन्य बजेट रहेको बताएको छ । 'संयुक्त राज्य अमेरिकाले 'अमेरिका फर्स्ट'का लागि आह्वान गरेदेखि उनीहरूले सैन्य खर्च कटौतीको उदाहरण स्थापित गर्न नेतृत्व लिनुपर्छ,' विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले नियमित समाचार ब्रिफिङमा भने, 'चीनको सैन्य बजेट खुला र पारदर्शी छ । यो अमेरिका र अन्य प्रमुख सैन्य शक्तिहरूको सन्दर्भमा उचित र उपयुक्त छ, चीनको सीमित रक्षा खर्च राष्ट्रिय सार्वभौमिकता, सुरक्षा र विकासका हितहरू सुरक्षित गर्न र विश्व शान्ति रक्षा गर्न पूर्णतया आवश्यक छ ।'

ट्रम्पले बिहीबार तीन शक्तिलाई आफ्नो आणविक हतियारको भण्डार कटौती गर्न पनि आह्वान गरे तर गुओले वासिङ्टन र मस्कोसँग सबैभन्दा धेरै आणविक हतियार भएका देशका रूपमा 'आणविक निःशस्त्रीकरणको विशेष र प्राथमिक जिम्मेवारी' रहेको बताए ।

'चीन सधैं आफ्नो आणविक शक्तिलाई राष्ट्रिय सुरक्षाका लागि आवश्यक न्यूनतम स्तरमा कायम राख्छ र कुनै पनि देशसँग हतियार दौडमा संलग्न हुँदैन,' उनले भने । *रासस⁄एएफपी*


**साउदीमा रोजगार** कम्पनी : Modern Factory Company for Iron Works Formation for Industry is a one-person company.

पूर्व स्वीकृति मिति : २०८१/११/०१ | LT. No. 318854 | चलानी नं. ६०२३३०५४

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: SR | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loader & Unloader | 1 | 0 | 1200 | ४४,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १० गते (22nd Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Elite Gurkhas Overseas Pvt. Ltd.** श्रम ईजाजत नं.५३५/०६१/०६२

Gongabu Town Planning-29 Kathmandu, Nepal, Tel.: +977-1- 4975567, 4975568, E-mail: info@elitegurkhas.com.np, Web: www.elitegurkhas.com.np



**Shuklaphanta Municipality**
**Jhalaari, Kanchanpur**
**Sudurpaschim Pradesh**
**Office of Municipal Executive**

**Invitation for Bids**

(First Date of Publication: 2081/11/2 [2024-2-14] )

| Contract ID | Project Description | Estimated Amount Rs. (Without VAT Contingency) | Bid Bond Security,120 days Validity (NRs) | Date and Time of Bid Submission | Date and Time of Bid Opening |
|---|---|---|---|---|---|
| SMP/081-82/ NCB/CW/32 | Mesh wire fencing work in ward no 1 ganeshpur dhanadi khalla and ward no 8 of Shuklaphanta Municipality | 4576561.48 | 137000.00 | 2081/12/4 (2025-Mar- 17) 12:00 PM | 2081/12/4 (2025-Mar- 17) 13:00 PM |
| SMP/081-82/ NCB/BTR/33 | Construction of blacktop road from ward no.1 to boarder of ward no.12 shuklaphanta-1 madhyamaarg | 3650387.46 | 109000.00 | 2081/12/4(2025-Mar- 17) 12:00 PM | 2081/12/4(2025-Mar- 17) 13:00 PM |

| Cost of bidding document: Rs.3000 should be deposited at: | Bid Bond Security amount should be deposited at: |
|---|---|
| • Name of the Bank: Everest bank ltd, Jhalari branch, Kanchanpur<br>• Name of Account: GA-1.1 AANTARIK RAJASWA KHATA<br>• Office Account No.: 05910106200002 | • Name of the Bank: Everest bank ltd, Jhalari branch, Kanchanpur<br>• Name of Account: GA-3 STHANIYA TAHA DHARAUTI KHATA<br>• Office Account No.: 05910106200016 |



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला - १७०२०० | प्रति तोला - ० | प्रति तोला - १९७०

## मझगाउँ विमानस्थलको निर्माण कार्य तत्काल अगाडि बढाउने सहमति



■ प्रभाव संवाददाता

**काठमाडौं–** कञ्चनपुरको महेन्द्रनगरस्थित मझगाउँ विमानस्थलको रोकिएको निर्माण कार्य तत्काल अघि बढाउने सहमति भएको छ । गृहमन्त्री रमेश लेखकको पहलमा शुक्रबार गृहमन्त्रालयमा भएको सम्वद्ध निकायका मन्त्री, सचिव, नेपाली सेनाका प्रधानसेनापतिसहितको उच्च स्तरीय बैठकबाट मझगाउँ विमानस्थलको निर्माण कार्य अघि बढाउने सहमति भएको हो ।

बैठकमा शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको सुरक्षार्थ खटिएको नेपाली सेनाको नाममा रहेको ६ बिघा जग्गा विमानस्थल निर्माणका लागि उपयोग गर्न दिने, सेनाको फुटबल मैदान र सो स्थानमा रहेका सैनिक आवासीय भवन निकुञ्ज क्षेत्रमै बनाउने विषयमा सहमति भएपछि लामो समयदेखि रोकिएको विमानस्थल निर्माणको काम अघि बढाउने विषयमा सहमति जुटेको हो ।

गृहमन्त्री लेखकले लामो समयदेखि विमानस्थल निर्माणको विषय थाँती रहेकाले त्यसलाई सुल्झाउन आग्रह गरे । उक्त अवसरमा वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरी, रक्षामन्त्री मानवीर राई, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे, उर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री पूर्णबहादुर तामाङ, नेपाली सेनाका प्रधानसेनापति अशोकराज सिग्देल, नागरिक उ•यन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीलगायत मन्त्रालयका सचिवहरूले आ-आफ्नो धारणा राखेका थिए ।

विसं २०७८ माघमा विमानस्थल पुर्ननिर्माणका लागि ठेक्का भएको थियो । हाल विमानस्थलको एक हजार तीन सय मिटर रन्वे कालोपत्र गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । विस्तारका क्रममा विमानस्थलको दक्षिणतर्फ सेनाको ६ बिघा जग्गा विमानस्थलले लिने विषयमा यसअघि सहमति हुन नसक्दा निर्माण कार्य प्रभावित हुँदैआएको थियो ।

बैठकमा सहभागी सबै निकाय सम्मिलित टोली महेन्द्रनगर पठाउने तथा रन्वे निर्माणको काम तत्काल सुरु गर्ने सहमती भएको गृहमन्त्री लेखकले जानकारी दिए । 'यसअघि पनि वेग्लावेग्लै चरणमा सहमति र निकासका लागि छलफल भएको थियो', उनले भने, 'यस सहमतिले विमानस्थल निर्माणको काम अघि बढ्ने निश्चित भएको छ ।'

विमानस्थल निर्माणका क्रममा वन क्षेत्रमा पर्ने जग्गाको वातावरणीय प्रभाव मूल्यांकन पनि गर्दै जाने विषयमा सहमती भएको छ । 'विमानस्थलका लागि आवश्यक सेनाको जग्गा (फुटबल मैदान र आवास भएको स्थान) मा सेनाले सहमति जनाएकाले तत्काल काम अघि बढ्ने भएको छ', गृहमन्त्री लेखकले भने ।

महालेखा नियन्त्रक कार्यालय प्रतिवेदन

## सात महिनामा आम्दानी ४४ र खर्च ४० प्रतिशत

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८१/८२ को माघ मसान्तसम्ममा सरकारको आम्दानी र खर्च दुवै कमजोर देखिएको छ । महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार वार्षिक लक्ष्यको तुलनामा यो अवधिसम्म सरकारको आम्दानी ४४ दशमलव ८३ प्रतिशत र खर्च ४० दशमलव ५८ प्रतिशत छ ।

सरकारले चालु आर्थिक वर्षका लागि रू १८ खर्ब ६० अर्ब ३० करोड ३० लाख बराबरको बजेट ल्याएको थियो भने रू १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख बराबर राजस्व उठाउने लक्ष्य राखेको थियो । तर आयव्यय दुवै कमजोर भएपछि सरकारले अर्धवार्षिक समीक्षामार्फत् सुरुवाती विनियोजनको तुलनामा ९० दशमलव ९९ प्रतिशत मात्रै बजेट खर्च गर्ने संशोधित अनुमान गरेको छ । अर्थात् चालु आर्थिक वर्षमा रू १६ खर्ब ९२ अर्ब ७३ करोड २५ लाख बराबर मात्रै बजेट खर्च गर्ने संशोधित अनुमान छ ।

सुरुवाती विनियोजनको तुलनामा माघ मसान्तसम्म सरकारको चालु खर्च ४५ दशमलव ८२ प्रतिशत छ । चालुगत शीर्षकमा रू ११ खर्ब ४० अर्ब ६६ करोड ४५ लाख विनियोजन भएकोमा सात महिनामा रू पाँच खर्ब २२ अर्ब ६२ करोड ५३ लाख खर्च भएको छ ।

त्यस्तै, पुँजीगत शीर्षकमा रू तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख बजेट विनियोजन भएकोमा रू ६८ अर्ब ४१ करोड ५९ लाख मात्रै खर्च भएको छ । अर्थात् सुरुवाती विनियोजनको तुलनामा हालसम्मको पुँजीगत खर्च १९ दशमलव ४२ प्रतिशत हो ।

सार्वजनिक ऋणको साँवा र ब्याज तिर्नका लागि प्रयोग हुने वित्तीय व्यवस्था शीर्षकको हालसम्मको खर्च ४४ दशमलव छ प्रतिशत रहेको छ । चालु आर्थिक वर्षका लागि वित्तीय व्यवस्था शीर्षकमा रू तीन खर्ब ६७ अर्ब २८ करोड ४५ लाख बजेट रहेकोमा हालसम्म सुरुवाती विनियोजनको ४४ दशमलव ६ प्रतिशत खर्च भएको छ ।

सरकारको बजेट खर्च मात्र नभइ राजस्व संकलन पनि कमजोर छ । कूल रू १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख बराबर वार्षिक राजस्व उठाउने लक्ष्य राखेको सरकारले माघ मसान्तसम्ममा रू छ खर्ब ५९ अर्ब ७३ करोड ५७ लाख राजस्व असुली गरेको छ । सात महिनाको राजस्व संकलन सुरुवाती लक्ष्यको ४४ दशमलव ८३ प्रतिशत हो ।

यो अवधिमा कर राजस्व ४४ दशमलव ०५ प्रतिशत र गैरकर राजस्व ५७ दशमलव १५ प्रतिशत उठेको छ । कर राजस्वतर्फ रू १२ खर्ब ८४ अर्ब २० करोड ९६ लाख असुली गर्ने सरकारको लक्ष्य रहेकोमा हालसम्म रू पाँच खर्ब ६५ अर्ब ६४ करोड ३६ लाख बराबर उठेको छ । त्यस्तै, गैरकरतर्फ रू एक खर्ब ३५ अर्ब नौ करोड ३४ लाख राजस्व उठाउने वार्षिक लक्ष्य रहेकोमा माघ मसान्तसम्ममा सुरुवाती लक्ष्यको ५७ दशमलव १५ प्रतिशत अर्थात् रू ७७ अर्ब २१ करोड तीन लाख बराबर असुली भएको छ । चालु आर्थिक वर्षका लागि रू ५२ अर्ब ३२ करोड ६५ लाख बराबर वैदेशिक अनुदान लिन लक्ष्य राखेको सरकारले हालसम्म रू आठ अर्ब ८२ करोड ६० लाख बराबर मात्रै उठाएको छ । यो वार्षिक लक्ष्यको १६ दशमलव ८७ प्रतिशत हो ।

## 'सहकारी सिंगो अर्थतन्त्रको आधार'

**लुम्बिनी (प्रस)–** भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले सहकारी अर्थनीतिका तीन खम्बा मध्येको एक खम्बा मात्र नभएर मुलुकको सिंगो अर्थतन्त्रको आधार भएको बताएका छन् ।

बुटवलमा आयोजित सहकारी, सुशासन प्रवर्द्धनसम्बन्धी लुम्बिनी प्रदेशस्तरीय अभिमुखीकरण गोष्ठीको उद्घाटन गर्दै मन्त्री अधिकारीले सहकारी क्षेत्रको समस्या समाधानका लागि अध्यादेश ल्याएको बताए ।

उनले सहकारी स्वनियमनकारी निकायका नाममा अत्यन्तै खुकुलो नीति बनाउँदा समस्याग्रस्त बन्दै गएको बताए । 'अहिले सहकारीबाट लगेको रकम तिर्नुपर्दैन भन्ने भ्रम छरिएको छ र अर्को सहकारीमा किन बचत गर्ने भन्ने भ्रम सृजना गर्ने काम भएका छन्', उनले भने, 'देशैभरका सहकारीले एकैपटक यसका विरुद्ध सचेतना अभियान चलाउनु पर्दछ ।'

उनले सहकारीमा देखिएका समस्या समाधान गर्न विसं २०७४ को सहकारी ऐन पर्याप्त नभएकाले समस्या समाधान गर्न सरकारले अध्यादेश ल्याएको स्पष्ट पारे । उनले हरेक कानुन समयक्रमसँगै संशोधन आवश्यक हुने भएकाले सहकारीसम्बन्धी अध्यादेश पनि नागरिकका समस्या समाधान गर्न ल्याइएकाले यसमा सहजीकरण गर्न आग्रह गरे ।


## माथिल्लो त्रिशूलीले गर्‍यो सामाजिक कार्यमा १७ करोड लगानी

■ प्रभाव संवाददाता

**काठमाडौं–** रसुवामा निर्माणाधीन २१६ मेगावाट क्षमताको माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाले प्रभावित क्षेत्रमा सामुदायिक सहयोग कार्यक्रममार्फत हालसम्म करिब रु १७ करोड खर्च गरेको जनाएको छ ।

आयोजनाको प्रवर्द्धक नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व र आदिवासी समुदाय योजना कार्यक्रमअन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी, सडक पूर्वाधार, संस्कृति जगेर्ना, राहत वितरण, जीविकोपार्जन तथा आयआर्जन वृद्धिलगायतका कार्यक्रममार्फत प्रभावित क्षेत्रमा सहयोग गर्दै आएको प्राविधिक निर्देशक गिरिराज अधिकारीले जानकारी दिए ।

कोरियन कम्पनीको अगुवाइमा प्रत्यक्ष वैदेशिक लगानीमा रसुवाको आमाछोदिङमो गाउँपालिका-१ हाकुमा आयोजनाको बाँधलगायत संरचना र उत्तरगया गाउँपालिका-१ मा भूमिगत विद्युत् गृहलगायत संरचना निर्माणाधीन छन् । उत्पादित विद्युत् आन्तरिक खपतका लागि प्रयोग हुने माथिल्लो त्रिशूली-१ प्रत्यक्ष वैदेशिक लगानीमा निर्माणाधीन सबैभन्दा ठूलो आयोजना हो । विसं २०७२ सालको भूकम्पबाट नराम्ररी प्रभावित भएको आयोजना क्षेत्रमा कम्पनीले भूकम्प पीडितहरूलाई राहत सामग्री वितरण तथा अस्थायी आवास निर्माण, विद्यालय एवं स्वास्थ्य संस्थाहरूको भवन निर्माण, हेलिकोप्टरमार्फत उद्धार, स्वास्थ्य शिविरलगायत कार्यक्रम सञ्चालन गरेको थियो ।



आयोजना प्रभावित आदिवासी समुदायको थातथलो, वातावरण र उनीहरूको सांस्कृतिक विशेषतालाई ध्यान दिएर छुट्टै योजना कार्यान्वयनमा ल्याएको कम्पनीले जनाएको छ । उक्त योजनामार्फत समुदाय आफैंले छनोट गरेका कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था गरिएको छ । यसमार्फत हालसम्म रु दुई करोड बढी खर्च गरिएको जनाइएको छ ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत बायोङ सु मिनले आयोजना प्रभावितहरूको आर्थिक तथा सामाजिक अवस्था सुधार, रोजगारी एवं जीविकोपार्जन, त्यस क्षेत्रको विकास जस्ता विषयलाई विशेष ध्यान दिएर सामुदायिक सहयोग कार्यक्रम सञ्चालन गरिएको बताए । आयोजनाले स्थानीय बासिन्दाको मागबमोजिम प्राथमिकताका आधारमा योजना छनोट गरी सहयोग कार्यक्रम सञ्चालन गरिरहेको र यसलाई निरन्तरता दिइने उनले बताए ।

आयोजनाले हाकुबेँसीमा त्रिशूली नदीमा बेलीब्रिज निर्माण गर्न रु सात करोड ८६ लाख १४ हजार खर्च गरेको छ । पुल निर्माणपछि आमाछोदिङमो गाउँपालिका-१ र २ नम्बर वडास्थित हाकु क्षेत्रका बासिन्दाको सडक पहुँच स्थापित भई सदरमुकाम धुन्चे, नुवाकोट र काठमाडौंतर्फ आवतजावत गर्न सहज भएको छ । प्रभावित क्षेत्रमा सडक निर्माणका लागि रु १८ लाख ५७ हजार खर्च गरिएको छ । यसका अतिरिक्त धुन्चे खोलडोल सडक निर्माणका लागि थप रु ७० लाख खर्च भएको जनाइएको छ ।

प्रभावित क्षेत्रको शैक्षिक सुधारका लागि विद्यालय भवन निर्माण, शैक्षिक सामग्री वितरणलगायत काम भएका छन् । साथै हाकुस्थित तीनवटा विद्यालयलाई सन् २०१८ देखि एक/एकजना शिक्षक उपलब्ध गराइएको छ । आयोजनाले त्यस क्षेत्रका आदिवासी जनजातिको सांस्कृतिक रीतिरिवाज संरक्षण र प्रवर्द्धनका लागि गुम्बालगायत भवन निर्माण र अन्य कार्यक्रममा सहयोग गर्दै आएको प्राविधिक निर्देशक अधिकारीले जानकारी दिए ।

आयोजनाको प्रवर्द्धक नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट कम्पनीमा कोरियन सरकारको स्वामित्वमा रहेको कोएन, विश्व बैंक समूहअन्तर्गतको अन्तर्राष्ट्रिय वित्त निगमलगायतको शेयर लगानी छ । आयोजनाका लागि ७० प्रतिशत ऋण र ३० प्रतिशत 'इक्विटी'बाट जुटाउने गरी वित्तीय व्यवस्थापन गरिएको छ । कुल अनुमानित लागत ६४ करोड ७३ लाख अमेरिकी डलर (निर्माण अवधिको ब्याजसहित) रहेको आयोजनामा नौ अन्तरराष्ट्रिय वित्तीय संस्थाले ४५ करोड ३२ लाख अमेरिकी डलर लगानी गर्ने सम्झौता गरेका छन् । बाँकी रकम इक्विटीबाट जुटाइएको छ ।

आयोजनाबाट वार्षिक रूपमा एक अर्ब ५३ करोड ३१ लाख युनिट ऊर्जा उत्पादन हुनेछ । कुल वार्षिक ऊर्जामध्ये ३८ दशमलव ७५ प्रतिशत हिउँदयाममा र ६१ दशमलव २५ प्रतिशत वर्षायाममा उत्पादन हुने जनाइएको छ । उत्पादित ऊर्जा नेपाल विद्युत् प्राधिकरणले निर्माण गरिरहेको त्रिशूली-३ 'बी' हब सबस्टेसनमा जोडी राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह हुनेछ । कम्पनी र प्राधिकरणबीच विद्युत् खरिद-बिक्री सम्झौता सम्पन्न भइसकेको छ ।

काठमाडौं लोडसेन्टरबाट नजिक रहेको र विद्युत्को अत्याधिक माग हुने हिउँदमा समेत १०४ मेगावाट विद्युत् प्राप्त हुने भएकाले मुलुकको विद्युत् प्रणालीका लागि आयोजना अत्यन्तै आकर्षक मानिएको छ । आयोजनाबाट वर्षभरि नै १०४ मेगावाट स्थिर (फार्म) ऊर्जा प्राप्त हुनेछ । आयोजनाको निर्माण विसं २०८३ मङ्सिरभित्र सक्ने लक्ष्य राखिएको छ ।

## 'एग्रिटेक इन्टरनेसनल एक्स्पो' सुरु



**काठमाडौं (प्रस)–** भृकुटीमण्डपमा शुक्रबारबाट सातौं नेपाल एग्रिटेक इन्टरनेसनल एक्स्पो सुरु भएको छ । तीन दिनसम्म चल्ने एक्स्पोमा कृषि औजार तथा कृषकले उत्पादन गरेका विभिन्न सामग्री प्रदर्शनीमा राखिने आयोजक नेपाल एग्रिटेक इन्टर नेसनलले जनाएको छ । शुक्रबार कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीले एक्स्पोको उद्घाटन गरेका हुन् ।

मन्त्री अधिकारीले कृषिमा विकास कसरी गर्न सकिन्छ भने विषय सबैको चिन्ता र चासो विषय रहेको बताए । उनले भने, 'यो चिन्ता र चासोको विषयलाई हामीले आधुनिक यन्त्रको प्रयोग गरी कृषिमा यान्त्रिकीकरणलाई प्रवर्द्धन गर्न जरुरी छ ।' सामान्यभन्दा पनि सामान्य खेतीका लागि पनि यन्त्रको प्रयोग गरी सोचेभन्दा बढी कृषिमा लाभ लिन सकिने मन्त्री अधिकारीको भनाइ छ । कृषिमा क्रान्ति ल्याउन सरकारले पनि आधुनिक प्रविधिलाई जोड दिई नेपालीलाई कृषिमा व्यावसायिक बनाउन पहल गरेको उनले बताए ।

'यस्ता एक्स्पोले कृषकलाई अगाडि बढ्ने हौसला मिल्छ भने सरकारलाई कृषिको स्तर कहाँ छ भन्ने जानकारी गराउँछ,' उनले भने । मन्त्रालयले कृषिमा आवश्यक पर्ने सम्पूर्ण औजार तथा बीउविजनमा अनुदानको व्यवस्था गरिने मन्त्री अधिकारीको भनाइ थियो । कृषिका विभिन्न मेसिनहरू गाउँ-गाउँ पुर्‍याई कृषकहरूलाई कृषि कार्य गर्न सहज बनाउनुपर्नेमा उनले जोड दिए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ